# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बागलुङ नगरपालिका, बागलुङ , बाग्लुंग नगरपालिका , बागलुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
| --- | --- | --- | --- |
| कार्यालय प्रमुख | डण्डपाणी शर्मा | २०७७-४-१ | |
| कार्यालय प्रमुख | शिव प्रसाद रिजाल | २०७७-६-१९ | |
| कार्यालय प्रमुख | Jeevan Gyawali | २०७७-१२-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शिव रेग्मी | २०७७-४-१ | |
| लेखा प्रमुख | जब्बर बहादुर भण्डारी | २०७७-४-१ | |
| लेखा प्रमुख | Resham Regmi | २०७८-४-१ | |
| | | बेरुजु रकम | २६,६२५,८९९ |

स्थानीय तह :

| | | | |
| --- | --- | --- | --- |
| गत बर्षको जिम्मेवारी | | ७,३१,८५,२८९.६६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५४,९९,३५,००० | चालु खर्च | ५६,७१,७९,०३५.०५ |
| प्रदेश सरकारबाट अनुदान | १,८८,२२,४३६ | पूँजीगत खर्च | २५,००,४८,३७८.९८ |
| राजश्व बाँडफाँट | १३,६६,७३,३१२.४६ | वित्तीय/अन्य व्यवस्था | २२,६९,४९,२९१.८२ |
| आन्तरिक आय | ५,१०,८१,७२५.५७ | | |
| अन्य आय | २९,०२,४८,४१४.५५ | | |
| कुल आय | १,०४,६७,६०,८८८.५८ | कुल खर्च | १,०४,४१,७६,७०५.८५ |
| बाँकी मौज्दात | | १६,३१,१२,९११.१७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय |
|---|---|---|---|
| १ | | | लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्बन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना २०७८ बमोजिम विश्लेषणनमुना छनौटलिखित प्रतिनिधित्व पत्रलेखापरीक्षण नीति मानदण्डमार्गदर्शननिर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनकोमस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। नगरपालिकामा १४ वडा, ७५ सभा सदस्य, ९८.०१ वर्ग कि.मि. क्षेत्रफल र २०७८ को जनगणना अनुसार ५७०३० जनसंख्या रहेको छ। |
| ३ | | | **स्थानीय संचित कोष**<br>आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ। |

प्राप्ती भुक्तानी हिँसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १,०१,८९,२५,७१० | ९६,२४,३१,९०८.२३ | | ९६,२४,३१,९०८.२३ | १,०३,७२,७८,६५०.९३ | | १,०३,७२,७८,६५०.९३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ९९,५७,७८,७१० | ९५,६०,६८,६०४.४६ | ० | ९५,६०,६८,६०४.४६ | ९८,५१,१३,११४.०५ | ० | ९८,५१,१३,११४.०५ |
| ११००० कर | ११ | १४,६८,११,७१० | १५,४८,५२,४८४.३७ | ० | १५,४८,५२,४८४.३७ | ११,७९,५९,५९८.२० | ० | ११,७९,५९,५९८.२० |
| १३००० अनुदान | | ७५,५५,१३,१५० | ७७,१५,७३,४४५.९८ | ० | ७७,१५,७३,४४५.९८ | ८३,२४,६२,१३७ | ० | ८३,२४,६२,१३७ |
| संघीय सरकार | १२ | ७२,०५,०९,००० | ७२,०७,५१,९९९.९८ | ० | ७२,०७,५१,९९९.९८ | ७९,८२,५८,९३० | ० | ७९,८२,५८,९३० |
| प्रदेश सरकार | १२ | २,२८,२७,००० | १,८८,२२,४३६ | ० | १,८८,२२,४३६ | २,६५,९९,७०६ | ० | २,६५,९९,७०६ |
| अन्तरिक श्रोत | १२ | १,२१,७७,१५० | ३,१९,९९,०१० | ० | ३,१९,९९,०१० | ७६,०३,५०१ | ० | ७६,०३,५०१ |
| १४००० अन्य राजस्व | | ४,७२,००,००० | २,९५,४६,१३८.११ | ० | २,९५,४६,१३८.११ | २,२९,७७,८३७.८५ | ० | २,२९,७७,८३७.८५ |
| १५००० विविध प्राप्ति | | १,००,००० | ९६,५३६ | ० | ९६,५३६ | २,६७,४९८ | ० | २,६७,४९८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बे |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३३००० दायित्व | | ४,६१,५३,८५० | ० | ० | ० | १,१४,४६,१२३ | ० | १,१४,४६,१२३ | |
| | | | ख. अन्य प्राप्ति | | २,३१,४७,००० | ६३,६३,३०३.७७ | | ६३,६३,३०३.७७ | ५,२१,६५,४५६.८८ | | ५,२१,६५,४५६.८८ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | २,३१,४७,००० | ६३,६३,३०३.७७ | ० | ६३,६३,३०३.७७ | १,१६,८७,२९५.३५ | ० | १,१६,८७,२९५.३५ | |
| | | | धरौटी | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ४,०४,७८,१६१.५३ | ० | ४,०४,७८,१६१.५३ | |
| | | | भुक्तानी (ग+घ) | | १,०८,१०,८५,२३४ | ८१,४१,२१,६३६.८० | | ८१,४१,२१,६३६.८० | ९१,९३,४६,८६६.८१ | | ९१,९३,४६,८६६.८१ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,०५,७९,३८,२३४ | ८१,०९,३८,०५७.१९ | | ८१,०९,३८,०५७.१९ | ८७,१८,२९,९६३.७० | | ८७,१८,२९,९६३.७० | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ४४,५७,९२,८९० | ४१,६९,५९,७०६.२६ | ० | ४१,६९,५९,७०६.२६ | ३६,४६,७५,११२.१० | ० | ३६,४६,७५,११२.१० | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १९,४०,३३,४२३ | १०,८३,७२,१५३.४४ | ० | १०,८३,७२,१५३.४४ | १०,३७,३६,५७३.३९ | ० | १०,३७,३६,५७३.३९ | |
| | | | २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ४२,००,००० | ४१,९९,९८१.७६ | ० | ४१,९९,९८१.७६ | ३६,९६,९९२.७२ | ० | ३६,९६,९९२.७२ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ६,००,००० | ४,०९,७३५ | ० | ४,०९,७३५ | ७,००,००० | ० | ७,००,००० | |
| | | | २६००० अनुदान | १८ | ० | ० | ० | ० | २०,६१,८५६ | ० | २०,६१,८५६ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३,३३,८३,००० | २,४४,६१,०९१.७५ | ० | २,४४,६१,०९१.७५ | १९,०८,५७,७१६.२२ | ० | १९,०८,५७,७१६.२२ | |
| | | | २८००० अन्य खर्च | १८ | ३१,६५,००० | १९,८७,८०० | ० | १९,८७,८०० | २२,३७,८२७ | ० | २२,३७,८२७ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३७,२२,६३,९२१ | २५,००,४८,३७८.९८ | ० | २५,००,४८,३७८.९८ | २०,०७,१२,३२६.१७ | ० | २०,०७,१२,३२६.१७ | |
| | | | ३२००० वित्तीय सम्पत्ति | १८ | ४५,००,००० | ४४,९९,२१० | ० | ४४,९९,२१० | ३१,५१,५६०.१० | ० | ३१,५१,५६०.१० | |
| | | | घ. अन्य भूक्तानी | | २,३१,४७,००० | ३१,८३,५७९.६१ | | ३१,८३,५७९.६१ | ९१,९३,४६,८६६.८१ | | ९१,९३,४६,८६६.८१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बे |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कोषहरु | | २,३१,४७,००० | ३२,६१,९४८.७९ | ० | ३२,६१,९४८.७९ | ७०,३८,७४१.५८ | ० | ७०,३८,७४१.५८ | |
| | | | धरौटी | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ४,०४,७८,१६१.५३ | ० | ४,०४,७८,१६१.५३ | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -७८,३६९.१८ | | -७८,३६९.१८ | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (६,२१,५९,५२४) | १४,८३,१०,२७१.४३ | | १४,८३,१०,२७१.४३ | ११,७९,३१,७८४.१२ | | ११,७९,३१,७८४.१२ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५,५९,८५,६३४.०४ | | ५,५९,८५,६३४.०४ | ३,४६,६९,०९३.९७ | | ३,४६,६९,०९३.९७ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (६,२१,५९,५२४) | २०,४२,९५,९०५.४७ | | २०,४२,९५,९०५.४७ | १५,२६,००,८७८.०९ | | १५,२६,००,८७८.०९ | |
| | | | | | | | | | | | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | २०,४२,९५,९०५.४७ | | २०,४२,९५,९०५.४७ | ७,४७,०५,७१९.८४ | | ७,४७,०५,७१९.८४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय |
|---|---|---|---|
| ४ | | | वित्तीय विवरण |

**वित्तीय विवरण**

·स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीकोव्यवस्थापन गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

· यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन(म.ले.प.फा.नं.२७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरुको निकासा तथा खर्च रु.२१ करोड ८२ लाख ५० हजार समेटन नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।

· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोषमा फिर्ता गर्नुपर्नेव्यवस्था भए बमोजिम पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ।

· **गत वर्षको जिम्मेवारीः** पालिकाले संचित कोष तथा अन्य विभिन्न कोष समेत गरी रु ७३१८५२९०।०० यस आ.व. मा जिम्मेवारी सार्नुपर्नेमा सुत्र अनुसार संचितकोषको मात्रै रु.५५९८५६३४। जिम्मेवारी सारेको पाइयो।पालिकाले पेश गरेको प्रमाणीत एकिकृत आ.वि.मा विभिन्न कोष तथा धरौटी समेतको रु.१७१९९६५५.६२ जिम्मेवारी सारेको देखिन्छ।गत वर्षको मलेप प्रतिवेदन र सुत्रमा विभिन्न कोष तथा धरौटीको रकम समावेश नभएकोले सो सम्बन्धमा एकिन हुन सकिएन।

· **बैंक मौज्दातः** प्रमाणित एकिकृत आर्थिक विवरणमा संचित कोषतर्फको बैंक मौज्दात रु.१३७९६७८२२.७० देखाएकोमा सुत्रको म.ले.प.फा.न २७२ मा रु.१२०८२२२३४४ देखिन्छ।एकिकृत आ.वि.मा सुत्रमा रहेको भन्दा रु.१७१४५४७८.७ वढी बैंक मौज्दात देखिएकोले पालिकाले आगामी आ.व.मा एकिकृत आ.वि. अनुसारको मौज्दात सार्नुपर्दछ। पालिकाले स्रेस्ता र बैंकमा फरक परेको रकम सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरेको पाइएन।पालिकाले बैंक हिसाव मिलान विवरण तयार गर्नुपर्दछ।

| खाता तथा कोष | स्रेस्ता अनुसार वांकी रकम | यथार्थ वैकं मौज्दात | फरक रकम | जिम्मेवारी सार्नुपर्ने रकम |
|---|---|---|---|---|
| संचित कोष | १२०८२२२३४४ | १३७९६७८२२.७० | १७१४५४७८.७ | १३७९६७८२२.७० |
| धरौटी | ० | १६८७३३५३.४२ | १६८७३३५३.४२ | १६८७३३५३.४२ |
| कोष खाताहरु | ३२६१९४८.७९ | ८२७१७३५.०५ | ५००९७८६.२६ | ८२७१७३५.०५ |
| जम्मा | | | | १६३११२९११.१७ |

· **फिर्ता गर्नुपर्ने रकमः** पालिकाबाट प्राप्त सुत्रको अनुसुची २१ मा विभिन्न निकायमा फिर्ता गर्नुपर्ने अनुदान रु.८३५४०२९६.२० भएकोमा मिति २०७८।३।३१ मा जम्मा रु.८३४७३५६१.२ सम्बन्धित निकायमा फिर्ता गरेको प्रमाण पेश भएको छ।

· स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसारको वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत एकिकृत

आर्थिक विवरणको तथ्याङ्कमा एकरुपता देखिदैन।

· त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय |
|---|---|---|---|
| ५ | | | आन्तरिक नियन्त्रणः |

**आन्तरिक नियन्त्रणः**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।
- पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक बिचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेका हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।
- राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमाकार्यान्वयनमा आउन सकेको छैन।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय |
|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मागाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरकोविकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथादीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• लिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा ई-टीडिएस गरेको छैन।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४को नि७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयारगर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एकभन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना मागगर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्तालिन चाहेमा नियमावलीको नियम ९ वमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र अनुसुची २ को ढाँचा वमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्तदिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमाएक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको।<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>• सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय |
|---|---|---|---|
| | | | • सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन वनाउन पाउने व्यवस्था रहेको छ।पालिकाले २२ ऐन वनाईको पाईयो तथा सोको अधिनमा रही ५ नियम ५ निर्देशिका २२ कार्यविधि र १ अध्यादेश वनाएको पाईयो।<br>· कार्यालयले सेवा उपभोग गरेवापत तिनुपर्ने विजुली,टेलिफोन, पानी ,सवारी, विलवुक नविकरण लगायतका रकमहरु समयमै नतिरेको कारण हर्जाना तिरेको पाईयो।<br>· कार्य सम्पादन मापन वेगर प्रशासन तर्फका कर्मचारीलाई भत्ता भुक्तानी<br>· कृषि उपज संकलन तथा विक्रि केन्द्र व्यवस्थित रुपमा संचालन नभएको<br>· आवश्यक कागजात तथा व्यवसाय दर्ता वेगर कृषि अनुदान वितरण भएको<br>· सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ वमोजिम २० हजार भन्दा वढीको खरिद गर्दा मू.अ.करमा दर्ता भएको फर्म वा कम्पनी संग खरिद गर्नुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको<br>· वडा संचालन खर्च जनसंख्या, भौगोलिक वनावट तथा कामको प्रकृतिको आधारमा विभाजन नगरीएको<br>· समितिमा संलग्न पदाधिकारी भन्दा वढी सदस्य उपस्थित रही भत्ता बुझेको<br>· कार्यक्रमहरु गर्दा हलखर्चमा मित्व्ययिता नभएको<br>· सार्वजनिक सम्पतिको संरक्षण नभएको ( बा.न.पा.३ मा बनाएको घर अलपत्र अवस्थामा रहेको)<br>· सहकारीको अनुगमन कार्य प्रभावकारी नभएको<br>· स्थानिय सरकार संचालन ऐनको पूर्ण पालना नभएको<br>· व्यक्तिगत घटना दर्तालाई अनलाईन नगरीएको<br>· कृषिका कार्यक्रममा अनुगमन मुल्यांकन प्रभावकारी नभएको<br>· उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण नगरिएको<br>· उपभोक्ता समितिवाट संचालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु आ.व. शुरु भएको १५ दिन भित्र छनोट हुनुपर्नेमा सो नभएको<br>· स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १३ वमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानिय दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा १५ दिन अगावै तोकि सक्नुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको |
| ६ | | | **दरवन्दी तथा पदपूर्तीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम कुल स्वीकृत दरवन्दी ६० रहेकोमा ४८ पदपूर्ति भई १२ पद रिक्त रहेको पाईयो।पालिकाले सेवा प्रवाहलाई चुस्त तथा दुरुस्त वनाउन दरवन्दी अनुसारको पदपूर्ती गर्नेतर्फ ध्यान दिनुपर्नुपर्दछ । |
| ७ | | | **सेवा प्रवाहः**<br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता १४३३ वटा, मृत्यु दर्ता ५१३ वटा, वसाइ सराइ १४६ वटा, घरवाटो सिफारिश ६७६ वटा,नागरिकता सिफारिश १४८७ वटा र अन्य सिफारिस १५४५७ वटा गरी पालिकाले सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेदबसाई सराईपञ्जीकरण दर्ता तथा सिफारिश पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीतिकानून तथामापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ। |
| ८ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br>स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०७७।०३।१० गते रु.१ खर्ब ३ करोड २३ लाख ७९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।२९ मा पारित भएको छ।यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th></tr>
<tr><td>९</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च-<br>
स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ।यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट खर्चको स्थितिको शिर्षकगत विवरण पेश नभएकोले क्षेत्रगत वजेट खर्चको शिर्षकगत अवस्था एकिन गर्न सकिएन।खर्चको शिर्षकगत विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिकविकास</td><td>३९५८२</td><td>२६४१९</td><td>२.९३</td></tr>
<tr><td>सामाजिकविकास</td><td>५२३८५३</td><td>४५२७०३</td><td>५०.१६</td></tr>
<tr><td>यातयात तथा पूर्वाधार विकास</td><td>४३८८७९</td><td>२८३९५४</td><td>३१.४६</td></tr>
<tr><td>विपद व्यवस्थापन</td><td>११५८०</td><td>७९२७</td><td>०.८८</td></tr>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१६४०८३</td><td>१३१५०५</td><td>१४.५७</td></tr>
<tr><td>जम्मा</td><td>११७७९७७</td><td>९०२५०८</td><td>१००</td></tr>
</table>
</td></tr>
<tr><td>१०</td><td></td><td></td><td>
अवण्डा वजेटः<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यो बर्ष अन्य विविध आकस्मिक योजनाहरु उल्लेख गरि रु.१ करोड अबण्डा राखेको छ।उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट चालुतर्फ र पुजीगततर्फ विभिन्न शिर्षकमा बजेट व्यवस्था गरी खर्च गरेको छ। बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
</td></tr>
<tr><td>११</td><td></td><td></td><td>
योजना र कार्यान्वयनः<br>
कार्यालयको कुल पूँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिवाट रकम खर्च भएको विवरण पेश भएको छ। सार्वजनिक खरिद निमयावली२०६४ को नियम ९७ मा रोजगारी सिर्जना हुने तथा लाभग्राही समुदायलाई हस्तान्तरण हुने आयोजना मात्र उपभोक्ता समितीवाट गराउनुपर्नेमा जटिल तथा ह्याभी मेसिन समेत प्रयोग हुने रु.७३४६८०००।०० को कार्य उपभोक्ता समिति तथा लाभग्राहीवाट गराएको छ।उपभोक्ता समितिवाट गराएको कामको गुणस्तर परीक्षण लगायतका कार्य नभएको कारण यसको गुणस्तर तथा दिगोपनाको पक्ष कमजोर हुन सक्ने देखिदाँ उपभोक्ता समितिमार्फत धेरै कार्य गराउने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><td>खुला बोलपत्रवाट</td><td>२०१९२८०००</td></tr>
<tr><td>सिलबन्दी दरभाउपत्रवाट</td><td>१५४९०००</td></tr>
<tr><td>सोझै</td><td>२३५९०००</td></tr>
<tr><td>उपभोक्ता समिति वा लाभग्राही समुदायवाट</td><td>७३४६८०००</td></tr>
<tr><td>जम्माः</td><td>२७९३०४०००</td></tr>
</table>
</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बे |
|---|---|---|---|---|
| १२ | | | **योजना र कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलकउत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| सि न | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | १ लाख भन्दा कमको योजना | ८३ | ४३२५८८६ |
| २ | १ लाख देखि पाँच लाख सम्मका योजना | २४८ | ४८३२६८०६ |
| ३ | ५ लाख देखि १० लाख सम्मका योजना | १७ | १३८१७०३८ |
| ४ | १० लाख एक देखि ५० लाख सम्मा योजना | २८ | ४८०१८२७० |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | ८ | ९८२००००० |
| जम्मा | | | २१२६८८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बे |
|---|---|---|---|---|
| १३ | | | **न्यायिक समितीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकारक्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ मुद्दा रहेको यो बर्ष २१ मुद्दा दर्ता भएकोमा ७ फछ्यौट भई १८ फछ्र्यौट हुन बाँकीदेखिन्छ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| १४ | | | **खरिद योजना तथा गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सिमाको भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वार्षिक विभिन्न मालसमान खरिद एवं निर्माण कार्य गरेकोमा खरिद योजना तथा गुरुयोजना गरेको छैन । पालिकाले ऐन नियमावलीमा भएको प्रावधानको पूर्णरुपमा पालना गर्नुपर्ने देखिन्छ । | |
| १५ | | | **मौजुदा सुची**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा ४, दफा ४१ को उपदफा १ को खण्ड क र दफा ४६ बमोजिम गरिने खरिदको प्रकृति अनुसार आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १० को उपदफा २ बमोजिम योग्यताका आधारमा छुट्टाछुट्टै सुची तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।तर पालिकाले उपरोक्त अनुसारको मौजुदा सुची तयार गरेको देखिएन। पालिकाले खरिद ऐनमा भएको व्यवस्थाको पूर्णरुपमा पालना गर्नुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>
चौमासिक पूँजीगत खर्च -<br>
आर्थिककार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ।पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुनेचौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको करिव६१ प्रतिशत खर्च भएको देखिन्छ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।<br><br>
(रु. हजारमा)<br>
<table>
<tr><th rowspan="2">पूँजीगत वजेट</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th><th rowspan="2">असार महिनाको खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td>कुल पुँजीगत खर्च</td><td>२५००४८</td><td>३२२५६</td><td>६५८६३</td><td>१५१९३०</td><td>विवरण प्राप्त नभएको</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>१२.९०</td><td>२६.३४</td><td>६०.७६</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>
संझौता बमोजिमको रकम प्राप्त नभएको<br>
वागलुङ नगरपालिकाद्धारा स्थानीय राजपत्रमा प्रकाशित आर्थिक ऐन ,२०७७ को दफा ८ मा नगरपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचीमा तोकिएको दरमा कर लगाईने व्यवस्था बमोजिम पालिकाको क्षेत्रभित्र पर्ने होडिङ बोर्ड, फ्लेक्स वोर्ड, भित्ते लेखन, डिजिटल बोर्ड लगायतका शिर्षकहरुको शुल्क उठाउने कार्यका लागि पालिका र विज्ञापन संचालक बी.एम.एड मिडिया प्रा.लिसंग आ.व २०७७।०७८ मा मू.अ.कर समेत रु.९०५१३०।०० मा मिति २०७७।०५।०५ मा संझौता भएको देखिन्छ।संझौता अनुसार दोस्रो पक्षले ५०% रकम संझौता हुँदाका वखत र बाँकी रकम २०७७ साल फाल्गुन मसान्तभित्रमा चुक्ता गर्ने गरि संझौता भएकोमा मू.अ.कर बाहेक बाँकी ५०% ले हुने रु. ४०००००।०० मिति २०७८।३।३१ मा बुझाएको देखियो।विज्ञापन संचालकले संझौता अनुसार समयमा रकम नवुझाएकोले रु.४ लाखको ४ महिनाको प्रचलित व्याजदरले हुने रु.१३३३३।०० तथा मू अ कर रु.१०४१३०।०० समेत गरि रु.११७४६३।०० सम्वन्धितबाट असूल गरि सम्वन्धित शिर्षकमा दाखिला गर्नुपर्ने रु...
</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बे</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>
घटी दरमा कर असूली<br>
गण्डकी प्रदेश सरकारले जारी गरेको गण्डकी प्रदेश<br>
आर्थिक ऐन, २०७७ को अनुसूची ६ मा रोडा, ढुङ्गा, गिट्टी, चिप्स, गेग्रन, चट्टानको संकलनको दर प्रति क्यूफिट रु=७ निर्धारण गरेको छ। गडण्की प्रदेश सरकारबाट जारी भएको ढुंगा, गिट्टी, बालुवा उत्खनन संकलन क्रसिङ्ग र विक्रीवितरण तथाक्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ को दफा ९ मा उक्त सामानको दररेट प्रदेश सरकारले तोके बमोजिम हुने व्यवस्था रहेको छ।पालिकाले यस आ व मा आय ठेक्का लगाएका निम्न घाटहरुमा प्रदेश सरकारले तोकेको प्रति क्यूफिटको दर रु.७ नराखी न्यूनतम रकम निर्धारण गरि नदीजन्य पदार्थ विक्रीको लागि ५ घाटको आय ठेक्का लगाई मू.अ.कर बाहेक रु.६७३३०००।०० आम्दानी प्राप्त गरेको देखियो।पालिकाले प्रदेश सरकारले निर्धारण गरेको प्रति क्यूफिट रु.७ दर राखीराजश्व संकलन गर्नुपर्नेमा सो नगरी प्रति क्यूफिट रु=७ भन्दा कम दरले संकलन गरेकोले नगरपालिकाले रु.२८३१३४८।०० को मू.अ.कर समेत रु.३१९९४२३।०० ले घटी आम्दानी गरेको देखिन्छ।पालिकाले सम्वन्धित पदाधिकारीहरुलाई जिम्मेवार बनाई राजश्व आम्दानी बढाउनु पर्ने देखिएको रु..
<table>
<tr><th>घाटको नाम</th><th>निर्माण व्यवसायीको नाम</th><th>उत्खननको अनुमति दिएको परिमाण(क्यूफिट)</th><th>न्यूनतम मूल्यांकन भएको रकम</th><th>संझौता रकम</th><th>न्यूनतम मूल्यांकन हुनुपर्ने रकम</th><th>घटी मूल्यांकन भएको रकम</th></tr>
<tr><td>ढोडेनी वगर घाट</td><td>कालिका भगवति निर्माण सेवा</td><td>५०८७४०</td><td>११०००००</td><td>११०००००</td><td>३५६११८०</td><td>२४६११८०</td></tr>
<tr><td>मालढूंगा घाट</td><td>ए.ए.कन्स्ट्रसन प्रा लि</td><td>१२५७३८</td><td>५०००००</td><td>५१००००</td><td>८८०१६८</td><td>३७०१६८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६३४४७८</td><td>१६०००००</td><td>१६१००००</td><td>४४४१३४८</td><td>२८३१३४८</td></tr>
</table>
</td><td>३</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>
राजश्व रकम समयमा दाखिला नभएको<br>
प्रदेश नं. ४ को प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सरकारी कारोवार गर्ने बैंकमा सोही दिन वा कावु बाहिरको परिस्थिति परी सोही दिन दखिला हुन नसकेमा सोको भोलीपल्ट संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाका १४ वडाबाट प्राप्त हुने भूमिकर, नक्सापास दस्तुर, सिफारिस दस्तुर, नाता प्रमाणित दस्तुर लगाएतका शिर्षकबाट संकलित रु ४६ लाख ३२ हजार २ सय ६२ समयमा दाखिला नगरी संकलन भएको लामो सयम पश्चात मात्र दाखिला भएको पाइयो।संकलित रकम समयमा दाखिला नहुँदा आम्दानीको समयमा प्रतिवेदन दिने तथा दुरुपयोग समेत हुन सक्ने भएकोले पालिकाले संकलित रकमलाई सयममै दाखिला गर्ने तर्फ ध्यान दिनु पर्दछ।
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
बढी राजश्व छुट<br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, बालुवाको विक्रीवापत प्राप्त रकम पालिकाको संचित कोषमा जम्मा गर्ने तथा गडण्की प्रदेश सरकार ढुंगा, गिट्टी, बालुवा उत्खनन संकलन क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ मा सम्वन्धित स्थानीय तहले दोस्रो पक्षसंग ढुंगा, गिट्टी, बालुवा उत्खनन ठेक्का संझौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजश्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ।नगरपालिकाले कालिका भगवती निर्माण सेवा बागलुङसंग आ.व ०७७।७८ को अन्त्यसम्ममा सबै किस्ताको रकम बुझाउने गरी आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी तथा बालुवा उत्खननको न्यूनतम मूल्यांकन रु.११०००००।०० कायम गरि ढोडेनी वगरघाटको रु.११०००००।०० मा ठेक्का संझौता गरी राजश्व संकलन गरेकोमा निर्माण व्यवसायीले एकमुष्ठ रकम बुझाए वापत संझौता रकममा १० प्रतिशत रकम छुट दिने शर्त बमोजिम रु.११०००००।०० को १०% ले हुने रु.११००००।०० छुट दिएको पाइयो।पालकाले प्रदेश सरकारबाट तोकेको दरका आधारमा न्यूनतम रकम निर्धारण गर्ने हुदाँ न्यूनतम भन्दा माथिको रकममा मात्र छुट दिनुपर्नेमा सबै कबोल अंकमा छुट दिएकोले निर्माण सेवालाई बढी छुट दिएको रकम सम्वन्धितबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय |
|---|---|---|---|
| २१ | | | पदाधिकारीलाई बढी तलव भुक्तानी |

## पदाधिकारीलाई बढी तलव भुक्तानी

गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७४ (२०७६ आषाढमा २५ गतेको संशोधन सहित) को (साविक) को दरमा मिति २०७६ आश्विन महिनाको तलव सुविधा भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले आश्विन महिनाको समेत गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ अनुसारको नयाँ दरमा पदाधिकारी तथा सदस्यलाई सुविधा भुक्तानी भएकोले निम्नानुसारको बढी भुक्तानी भएको रकम सम्वन्धितबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु..

| सि =न= | भुक्तानी पाउने पद नाम | संख्या | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| 1. | नगर प्रमुख | १ | ३५००० | ४०५०० | ५५०० | ५५०० |
| 2. | उप प्रमुख | १ | ३०००० | ३५००० | ५००० | ५००० |
| 3. | वडाध्यक्ष | १४ | २०००० | २६००० | ६००० | ८४००० |
| 4. | का पा सदस्य | ८ | २०००० | २२००० | २००० | १६००० |
| 5. | वडा सदस्य | ५० | १०००० | १३५०० | ३५०० | १७५००० |
| | जम्मा | | | | | २८५५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय |
|---|---|---|---|
| २२ | | | पदाधिकारी पारिश्रमिक कर |

## पदाधिकारी पारिश्रमिक कर

आयकर ऐन,२०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगदका आधारमा लेखाङ्कन गर्नुपर्ने र दफा २३ मा कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारीबाट भएको आयको गणनाको लेखाङ्कन नगदका आधारमा गर्दा निजले भुक्तानी प्राप्त गर्दा वा निजलाई सो भुक्तानी उपलब्ध हदाँको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले आ व र २०७६।७७ को १० महिनाको र २०७७।७८ को गरी २२ महिना र दशै खर्च समेतको पदाधिकारीहरुको सुविधा बापत भुक्तानी भएको रकममा कर कट्टी नगरी भुक्तानी दिएकोमा रु.४ लाख ५० हजार सम्म १ प्रतिशत कर लाग्नेमा सो मा लाग्ने १ प्रतिशत र सो भन्दा माथिको १ लाख सम्ममा १० प्रतिशत र सो भन्दा माथि २ लाख सम्म मा २० प्रतिशत र सो भन्दा माथि २० लाखसम्म ३० प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा १ प्रतिशतले हुने कर कट्टा गरी बाँकी आयमा कर कट्टा नगरी भुक्तानी गरेकोले उक्त रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु...

| पद | नाम थर | जम्मा आय | करयोग्य आय | तिर्नुपर्ने कर | तिरेको कर | नपुग कर |
|---|---|---|---|---|---|---|
| नगर प्रमुख | जनकराज पौडेल | ९५१००० | ९५१००० | ११४८०० | २०४३६ | ९४३६४ |
| उप प्रमुख | सुरेन्द्र खडका | ८३०००० | ८३०००० | ७८५०० | ८३०० | ७०२०० |
| वडाध्यक्ष | १४ जना वडाध्यक्ष (प्रति व्यक्ति) | ६२२००० | ६२२००० | २८९०० | ६२४० | ३१७२४० |
| का पा सदस्य | ८ जना का पा सदस्य (प्रति व्यक्ति) | ५२४००० | ५२४००० | ११९०० | ५२८० | ५२९६० |
| जम्मा | | | | | | ५३४७६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बे |
|---|---|---|---|---|

२३

**दोहोरो यातायात सुविधा**

गण्डकी प्रदेश सरकारले जारी गरेकोगाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधमा सम्वन्धी ऐन, २०७६ को दफा ४ पदाधिकारीले सवारी साधन लिएकोमा ऐनको अनुसूचीमा उल्लिखित इन्धन तथा मोबिल खर्च पाउने एंव सवारी साधनको सुविधा लिने पदाधिकारीले सोही अनुसूचिमा उल्लेख भएको यातायात खर्च वापतको मासिक सुविधा लिन नमिल्ने उल्लेख भएकोमा नगरपालिकाका निम्न वडाका वडाध्यक्षहरुले पालिकाबाट मोटरसाइकल सुविधा लिएकोमा समेत मासिक यातायात सुविधा बुझेको पाइयो।यसरी ऐनमा भएको व्यवस्थाको विपरीत भुक्तानी लिएको रकम सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु...

| सि न | पद नाम थर | वडा नं | भुक्तानी लिएको रकम |
|---|---|---|---|
| 1. | दुर्गा बहादुर सार्की | १ | १८००० |
| 2. | शिव प्रसाद शर्मा | ५ | १८००० |
| 3. | चक्र बहादुर खत्री | १४ | १८००० |
| | जम्मा | | ५४००० |

२४

**अनुगमन तथा भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली२०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.१८ लाख ४५ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्यअनुगमन तथा भ्रमण प्रतिवेदनभ्रमण अभिलेखदुरीको विवरणसवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

२५

**स्वकीय सचिव**

गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७६ को दफा ११ मा नगरपालिकाको प्रमुखले आन्तरिक स्रोतबाट खर्च बेहोर्ने गरि राजपत्र अंनकित द्वितिय श्रेणी सरहको स्वकीय सचिव राख्न पाउने व्यवस्था रहेकोमा पालिकाले गणेश पौडेलसंग संझौता गरि स्वकीय सचिवको रुपमा नियुक्ती गरेको छ।राजपत्र अंनकित द्वितिय श्रेणी सरहको पदको मासिक पारिश्रमिक रु.२८२००।०० भएकोमा पालिकाले अतिरित्त कार्य गरेको भनि मासिक रु. ७०००।००, पोशाक भत्ता वार्षिक रु.१००००।०० तथा मंहगी भत्ता मासिक रु.२०००।०० समेत गरि वार्षिक रु.११८०००।०० ऐनमा व्यवस्था नभएको सुविधा लिएको पाइयो। यसरी ऐन विपरीत खर्च भएको रकमबाट स्थानीय तहलाई थप व्ययभार परेको रु..

२६

**वढि निकासाः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकास्थित देहायका विद्यालयहरुवाट शिक्षकको राजिनामा स्वीकृत पश्चात तलव माग गरिएको पाइयो र सोहि माग अनुसार नै शिक्षकहरुको तलव निकासा भएको पाईयो। राजिनामा स्वीकृत मिति पश्चात निकासा भएको रकम असुल गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु

| त्रैमासिक | राजिनामा स्वीकृत भएको मिति | शिक्षकको नाम | माग गरिएको रकम | निकासा हुनुपर्ने रकम | बढी निकासा |
|---|---|---|---|---|---|
| दोस्रो | २०७७।९।१ | तारा भण्डारि भुषाल | १२१९७४ | ८१३१६ | ४०६५८ |
| चौथो | २०७८।२।१० | चुडादेवी सुवेदी | १२५०७६ | ९७२८१ | २७७९५ |
| जम्मा | | | | | ६८४५३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बे |
|---|---|---|---|---|
| २७ | | | **स्रोत व्यक्तीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४,मा शिक्षकदरवन्दी मिलान र शिक्षकको क्षमता विकास सम्वन्धी अधिकार स्थानीय तहको कार्य क्षेत्र अन्तर्गत रहने व्यवस्था भएपश्चात स्रोत केन्द्र सम्वन्धि व्यवस्था खारेज भएको छ।पालिकाले यस आ.व.मा पालिका भित्र शिक्षक स्रोत केन्द्र नरहेको र स्वीकृत वार्षिक कार्यक्रममा नपरेको स्रोतकेन्द्र व्यवस्थापन खर्च श्री लक्ष्मीकान्त पौडेलको नाममा मासिक रु.४९९०९ का दरले कुल भुक्तानी रु.६४८८१७ भुक्तानी गरेको पाइयो।स्थानीय तहमा स्रोत केन्द्र सम्बन्धी व्यवस्था नरहेको र स्वीकृत वार्षिक कार्यक्रम वाहिरको शिर्षकमा खर्च लेख्न नमिल्ने हुनाले उक्त रकम अनियमित देखिएको रु. | |
| २८ | | | **वढी निकासाः**<br>शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्वन्धित कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.३ मा प्रति विद्यार्थी लागतका आधारमा प्रारम्भिक बाल विकास।पूर्व प्राथमिक कक्षाका लगि प्रति विद्यार्थी रु.५०० का दरले अनुदान निकासा दिने व्यवस्था छ। IEMIS मा प्रविष्ट तथ्यांकलाइ सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने व्यवस्था भएकोमा पालिकाको IEMISप्रविष्ट तथ्याकं अनुसार विद्यार्थी संख्या १०१६ जना रहेकोमा पालिकाले १३८९ जना विद्यार्थी राखि रु.५४९०००। अनुदान निकासा दिएको पाईयो।उक्त वढी अनुदान निकासा दिएको ३७३ जना विद्यार्थीको रु.५०० का दरले असुल गर्नुपर्ने रु | |
| २९ | | | **EGRP अनुदानः**<br>स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु कक्षा १ देखि ३ सम्म प्रति कक्षा रु ३००० का दरले रु ९००० प्रारम्भिक पढाइ सिप विकासका लागी अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा उल्लेख छ।यस कार्यक्रम अन्तर्गत कक्षागत रुपमा एक सेट सिकाई सामाग्रीर प्रति विद्यार्थी एक सेट अभ्यास पुस्तिका उपलब्ध गराउने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष पालिका स्थीत ८० विद्यालय लाई प्रारम्भिक पढाइ सिप विकास प्याकेज कार्यक्रम कार्यान्वयनका लागि रु ७२००००।अनुदान निकासा दिएकोमा सबै विद्यालयहरुले कक्षागत रुपमा एक सेट सिकाई सामाग्री र प्रति विद्यार्थी एक सेट अभ्यास पुस्तिका उपलब्ध गराएको प्रमाण स्थानीय निकायमा उपलब्ध गराएका छैनन। गत विगत देखि नै विद्यालयहरुले EGRPअनुदान निकासा लिने गरेको तर सो को प्रमाण उपलब्ध नगराएको कारण विद्यालयले गरेको खर्च रकममा पारदर्शिता तथा जवाफदेहिता मा असर परेको र यो बर्ष समेत खर्चलाई पुष्टयाई गर्ने कागजात,प्रमाण वेगर खर्च लेखेको कारण उक्त अनुदान निकासा दिन मिल्ने देखिदैन।अत अनुदान रकम र आन्तरिक स्रोत बाट भएको खर्चको पारदर्शता र जवाफदेहिता प्रवर्द्धनको लागि सबै विद्यालयले खर्चको प्रमाण पेश गर्नुपर्ने रु ७२००००। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बे |
|---|---|---|---|---|
| ३० | | | **छात्रवृती अनुदानः** शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्वन्धित कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं ७.२.१.१ (४.२) मा IEMIS मा प्रविष्ट तथ्यांकलाइ सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकंसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाईछात्रवृति रकम कक्षा १-८ सम्मको छात्राहरुको लागी र दलित छात्रहरुको लागी प्रति विद्यार्थी रु.४००।अनुदान निकासा दिने व्यस्था रहेको छ।पालिकाले छात्रवृति अनुदान निकासा दिंदा IEMISमाप्रविष्ट गरीएको विद्यार्थी संख्या भन्दा वढी संख्या राखी निकासा दिएको पाईयो।उक्त वढी निकासा दिएको रकम असूल गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | |

| कक्षा | IEMIS अनुसार विद्यार्थी संख्या (कक्षा १ -८ सम्म दलितछात्र) | कक्षा १-८ सम्मको छात्रा | जम्मा छात्रवृति पाउने संख्या | | दर | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | २४९ | २७१ | ५२० | | ४०० | २०८००० |
| २ | १२३ | १६२ | २८५ | | ४०० | ११४००० |
| ३ | १५५ | १९२ | ३४७ | | ४०० | १३८८०० |
| ४ | १३९ | २०९ | ३४८ | | ४०० | १३९२०० |
| ५ | १६३ | ९० | २५३ | | ४०० | १०१२०० |
| ६ | ११६ | ९४ | २१० | | ४०० | ८४००० |
| ७ | १५१ | १२१ | २७२ | | ४०० | १०८८०० |
| ८ | ११८ | १५४ | २७२ | | ४०० | १०८८०० |
| | निकासा गर्नुपर्ने रकम | | | | | १००२८०० |
| | जम्मा निकासा | | | | | १५७६००० |
| | वढी निकासा | | | | | ५७३२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बे |
|---|---|---|---|---|
| ३१ | | | **पाठ्यपुस्तक व्यवस्थापन अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानो ठिमि भक्तपुरको पत्र संख्या २०७७।७८,चलानी नंन ३९५ र मिति २०७८।२।२५ को परीपत्र अनुसार २०७८ सालको शैक्षिक सत्र आषाढ १ गते वाट प्रारम्भ हुने र त्यसपछी भर्ना भएका विद्यार्थी विवरण,पाठ्यपुस्तक खरिद र वितरणको अवस्था यकिन गरी नपुग हुने रकम निकासा प्रक्रिया अगाडी बढाउँदा चालु आ.व. समाप्त हुने भएकोले विद्यालयमा विद्यार्थी भर्ना संख्या यकिन हुन नसकेमा शैक्षिक सत्र २०७७ को भर्ना संख्यालाई आधार मानी निःशुल्क पाठ्य पुस्तक उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ।सोही अनुरुप पालिकाले पालिका स्थित ८० वटा विद्यालयलाई पाठ्यपुस्तक अनुदान वापत रु. ४६५७६५३।निकासा दिएको पाईयो।पाठ्यपुस्तक अनुदान निकासा प्राप्ती पछी कुनै पनि विद्यालयले विद्यार्थीहरुले पाठ्यपुस्तक बुझेको भरपाई पेश गरेका छैन्।तसर्थ सम्बन्धित विद्यालयको विद्यार्थीले पाठ्य पुस्तक बुझेको भरपाई पेश हुनुपर्ने रु. | ४,६ |
| ३२ | | | **पेश्की व्यवस्थापनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ।पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी, व्यक्ति, संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु. | २,४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय भा न | पश्का लिन व्याक्त/फम/कम्पना | वापत | म्याद ननाघका | म्याद नाघका | बे |
|---|---|---|---|---|---|---|---|---|
| | | | १२ | मान बहादुर खड्का | विविध खर्च | | ६८०६ | |
| | | | ३६८ | उमेश सर्वुजा | स्वास्थ्य चौकी संचालन | | १००००० | |
| | | | ८९ | देवि थापा | प्रशासनिक खर्च | | ५०००० | |
| | | | ८९ | विलास चन्द्र पौडेल | प्रशासनिक खर्च | | ५०००० | |
| | | | ८९ | विष्णुनाथ सापकोटा | प्रशासनिक खर्च | | ५०००० | |
| | | | ९५ | केयरसिंह थापा | प्रशासनिक खर्च | | ५०००० | |
| | | | ४६६ | कुमारी थापा | पशुपंक्षी रोग नियन्त्रण | | १००००० | |
| | | | ६८४ | गौरव राना मगर | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | | ३५०००० | |
| | | | २६९ | लक्ष्मण ढकाल | चौमासिक एंव वार्षिक समिक्षा | | ५५९०० | |
| | | | २७० | लक्ष्मण ढकाल | चौमासिक कोहर्ट विश्लेषण | | ३०५०० | |
| | | | १०३३ | सरस्वती देवी रेग्मी | रोजगार प्रर्वद्धन कार्यक्रम | | २५०००० | |
| | | | २० | सातविसे कन्ट्रक्सन | पूर्वाधार विकास निर्माण कार्य | ४६३१९४ | | |
| | | | ३३९ | आर.एस.निर्माण सेवा | संघ तथा प्रदेश सरकारको सहलगानी | ९४३८२३ | | |
| | | | ३३९ | आर.एस.निर्माण सेवा | सडक वोर्डतर्फको योजना | १५००००० | | |
| | | | ६४ | कान्तीपथ कन्सट्रक्सन प्रा.लि. | रिठे खोला, सिमलपाटा | १७६०९८० | | |
| | | | १८६ | राष्ट्रिय उपभोक्ता मञ्च | बजार अनुगमन कार्यक्रम | | ५०००० | |
| | | | ८१५ | तित्याङ स्वास्थ्य चौकी | कार्यालय व्यवस्थापन | | १००००० | |
| | | | ९९ | वडा कार्यालय भवन निर्माण उ.स. | वडा कार्यालय भवन निर्माण | | ११५२००० | |
| | | | २८१ | विलास चन्द्र पौडेल | पोषण प्रवर्द्धन कार्यक्रम | | ४५००० | |
| | | | जम्मा | | | ४६६७९९७ | २४४०२०६ | |

(नोटः म.ले.प.फा.न.२७२ को अनुसुची २३ ले पेश्की वांकी कर्मचारी, ठेकेदार, संस्थागंत, उपभोक्ता समिति र व्यक्तिगत गरी जम्मा रु. १७७७७८९७.४५ देखिएको मा पालिकावाट प्राप्त विवरण अनुसार जम्मा पेश्की रु. ७१०८२०३ मात्र देखिएको छ। फरक परेको रु. १०६६९६९४.५ सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय |
|---|---|---|---|
| ३३ | | | **बढी दररेट**<br>पालिकाले कृषि कार्यक्रम संचालन गर्नको लागि पालिका र गौतम सप्लायर्स बागलुङवीच भएको संझौता बमोजिम दररेट माग गरी एच.डी.ई.पी पाइप आपूर्ति भएकोमा आपूर्तकले पेश गरेको दररेटमा ४०/६ के.जी.(४०एम.एम ६ के जी.प्रेसर) को पाइप पेश नगरेकोमा समेत वीलमा उल्लिखित प्रकृतिको पाइपको विवरण राखी ४०/१० के.जी को मूल्यमा भुक्तानी भएको पाइयो।४०/६ के.जी को पाइपको मू.अ.कर समेतको प्रति रनिङ मिटरको रु.१२७.६९ हुनुपर्नेमा ४०/१० के.जी को पाइपको मू.अ.कर समेतको प्रति रनिङ मिटरको रु.१५६.८२ ले भुक्तानी भएकोले प्रति रनिङ मिटरमा फरक रु.२९.१३ ले ८०० रनिङ मिटरको बढी भुक्तानी भएको रु.२३३०४।०० सम्वन्धितबाट असूल गर्नुपर्ने देखिएको रु.. |
| ३४ | | | **पारिश्रमिक कर**<br>नगरपआयकर ऐन, २०५८ अनुसार नियमित रुपमा नभई पटके रुपमा प्राप्त गर्ने वैठक भत्ता लगायतका अन्य भत्तामा १५ प्रतिशत अग्रिम करकट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले निम्नानुसारको संख्यामा कर्मचारी तथा पदाधिकारीहरुलाई भएको भुक्तानीमा तोकिएको करको दर भन्दा कम (१%) मात्र करकट्टी गरी भुक्तानी गरेकोमा नपुग कर सम्वन्धित व्यक्तिवाट दामासाहीले असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु.. |

| गो भौ नै मिती | विवरण/प्रायोजन | कुल भुक्तानी | १५प्रतिशतले हुने कर | कट्टी गरिएको कर | नपुग कर | कैफियत |
|---|---|---|---|---|---|---|
| ३१४।२०७७।९।३ | कोभिड १९ प्रोत्साहन भत्ता | ५५४९५० | ८३२४३ | ५५५० | ७७६९२ | २६ जनाको १% कर कट्टी गरि भुक्तानी भएको। |
| १४।२०७७।५।२५ | कोभिड १९ प्रोत्साहान भत्ता | ३२६६१७ | ४८९९३ | ३२६६ | ४५७२७ | ५१ जनाको १% कर कट्टी गरि भुक्तानी भएको। |
| ६।२०७७।५।२५ | कोभिड १९ प्रोत्साहान भत्ता | १२६९१३८ | १९०३७१ | १२६९१ | १७७६८० | १०१जनाको १% कर कट्टी गरि भुक्तानी भएको। |
| १।२०७७।५।३० | कोभिड १९ प्रोत्साहान भत्ता | ३१७७५० | ४७६६३ | ३१७८ | ४४४८५ | १३ जनाको १% कर कट्टी गरि भुक्तानी भएको। |
| | जम्मा | | | | ३४५५८४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय |
|---|---|---|---|
| ३५ | | | **समायोजन प्रोत्साहन ग्रेड**<br>नगरपालिका कर्मचारीहरुको सेवा सुविधाको अध्ययन गर्न गठित कार्यदलले पेश गरेको अध्ययन प्रतिवेदन तथा सुझाव बमोजिम संघीय संरचनामा कर्मचारी समायोजनमा विभिन्न निकायबाट पालिकामा समायोजित कर्मचारीहरुमध्ये केही कर्मचारीहरुलाई एक तह बढुवा सुविधाको अवसर सहित समायोजन गरिएको एंव २ ग्रेड थप सहित समायोजन गरिएको तर साविक स्थानीय तहबाट नियुक्त कर्मचारीहरुलाई बढुवा तथा ग्रेड थपको अवसर तथा सुविधा नभएकोले पालिकामा कार्यरत उक्त कर्मचारीहरुलाई दुई दिन वरावरको रकम सुविधा उपलव्ध गराउने गरी नगर कार्यपालिकाको मिति २०७६ पौष २५ को ५औं बैठकबाट निर्णय भएको पाइयो।समायोजन ऐन बमोजिम संघबाट प्रदेश तथा स्थानीयमा समायोजन भई जाने कर्मचारीहरुलाई थप अवसर तथा सुविधा दिने निर्णय भएकोमा साविक स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई साविककै स्थानमा समायोजन गरिएकोले समायोजन भएको कारणबाट थप सुविधा उपलब्ध गराउने गरी भएको निर्णय उपर्युक्त मानिएन।पालिकामा कार्यरत साविक स्थानीय तहका ३२ कर्मचारीहरुलाई दुई दिनको तलव बराबरले भुक्तानी भएको रु.६६९४०८।०० ले स्थानीय सरकारलाई थप ब्ययभार परेको रु.. |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बे</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>
शिक्षक सरुवाः<br>
नेपालको संविधान,२०७२ को धारा ५७(६) मा प्रदेश सभा,गाउँसभा वा नगर सभाले कानून वनाउँदा संघिय कानूनसँग नबाँझिने गरी बनाउनुपर्ने व्यवस्था छ साथै प्रदेश सभा,गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानूसंघीय कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुने व्यवस्था रहेको एवम् शिक्षा नियमावली, २०५९ (२०७७ जेष्ठ मसान्तसम्म भएका संसोधन समेत) को नियम ९९(१) मा सरुवा हुन चाहने शिक्षकले अनुसूची १७- वमोजिमको ढाँचामा शिक्षा विकास तथा समन्वय इकाई प्रमुख (साविक जिल्ला शिक्षा अधिकारी) समक्ष निवेदन दिनुपर्ने व्यवस्था छ ।नगरपालिकाद्वारा जारी गरिएको नगर शिक्षा नियमावली,२०७७ को दफा ६२ (१) मा नगरपालिका भित्रका एक विद्यालयवाट अर्को विद्यालयमा तह र विषय मिल्ने दरवन्दीभित्र नगर शिक्षा अधिकारीले सरुवा गर्न सक्ने साथै नियम ६३ को ३ मा उपनियम २ बमोजिम अन्तर स्थानीय तह शिक्षकको सरुवा नगर शिक्षा समितिको निर्णयमा नगर शिक्षा अधिकारीले गर्न सक्ने व्यवस्था उल्लेख गरेको छ। जुन शिक्षा सेवा नियमावलीसंग बाझिएको देखिन्छ। यसरी पालिकाले संघीय कानुन संग वाझिने गरी कानुन बनाई सोही नियमावलीको आधारमा शिक्षक सरुवा गरेको देखिन्छ। सो सरुवा मध्ये अन्तर जिल्ला ( म्याग्दी र मुस्ताङबाट) ५ जना शिक्षक सरुवा भएकोमा शिक्षा समन्वय अधिकारीको सहमति समेत लिएको देखिएन।उक्त शिक्षक सरुवा सम्बन्धि कार्य कानुन विपरीत देखियो।पालिकाले काननु बनाउँदा संघीय कानुनसंग नबाझिने गरी कानुन बनाउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>
दोहोरो निकासाः<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।अन्तर स्थानीय निकाय सरुवा हुंदा रमाना पत्रमा साविकको विद्यालयमा तलव बुझेको उल्लेख भएतापनी सरुवा भएर आएको विद्यालयवाट पनी तलव माग गरी निकासा भएको पाईयो।अतः उक्त दोहोरो निकासा भएको रकम सम्वन्धित शिक्षकवाट असुल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>शिक्षकको नाम</th><th>साविकको विद्यालयको नाम</th><th>सरुवा भएर आएको विद्यालयको नाम</th><th>तलव बुझेको मिति</th><th>बुझ्नुपर्ने रकम</th><th>बुझेको रकम</th><th>दोहोरो परेको रकम</th></tr>
<tr><td>डिलबहादुर नेपाली</td><td>जनता प्रा.वि.जैमिनी</td><td>जनताधमा.वि. बा.न.पा.</td><td>२०७७।८।२०</td><td>४२२२८</td><td>९५०१३</td><td>५२७८५</td></tr>
<tr><td>दिपा तिवारी</td><td>जन सेवा मा.वि. म्याग्दी</td><td>लहरे पिपल मा.वि.</td><td>२०७८।१।३१</td><td>६५११६</td><td>९७६७४</td><td>३२५५८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>८५३४३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>
वढी निकासाः<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघी त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।पालिकाले विद्यालयबाट प्राप्त माग फारम दरबन्दी विवरण र त्रैमासिक निकासा भएको मध्ये केहीको नमुना परीक्षणगर्दा विद्यामन्दिर उच्च मा.वि.को माग गरेको भन्दा रु.२०९५७। बढी निकासा भएको छ।माग फारम र दरबन्दी भन्दा बढी निकासा भएको उक्त रकम विद्यालयबाट फिर्ता प्राप्त गरी संघीय कोषमा दाखिला गर्नुपर्दछ रु......
<table>
<tr><th>विद्यालयको नाम</th><th>त्रैमासिक</th><th>माग गरिएको रकम</th><th>निकासा गरीएको रकम</th><th>फरक रकम</th></tr>
<tr><td>विद्यामन्दिर उ.मा.वि.</td><td>पहिलो</td><td>२८५४६४०</td><td>२८७५५९७</td><td>२०९५७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
कर कम कट्टी गरी भुक्तानीः<br>
आयकर ऐन २०५८ अनुसार नियमित रुपमा नभई पटके रुपमा प्राप्त गर्ने वैठक भत्ता लगायतका अन्य भत्तामा १५ प्रतिशत अग्रिम करकट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले स्वास्थ्य तर्फको कोरोना रोकथाम आइसोलेसन स्वाव कलेक्सन कार्यको लागी खटिएका १० जना कर्मचारीहरुलाई जोखिम भत्ता वापत रु.१४९८८५१।भुक्तानी गरिएकोमा १% मात्र सासु कर कट्टी गरेको पाईयो।बाँकी १४% कर रकम सम्वन्धित व्यक्तिवाट दामासाहीले असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु.
</td><td>२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय |
|---|---|---|---|
| ४० | | | **हातिपाईले रोग निवारण कार्यक्रमः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी भएको आर्थीक वर्ष २०७७।७८ मा शर्शत अनुदानतर्फ स्थानीय तहवाट कार्यान्वियन गरीने स्वास्थ्य तथा जनसंख्या सम्वन्धी कार्यक्रमहरुको लागी सञ्चालन मार्गदर्शनको इपिडिमियोलोजी तथा रोग नियन्त्रण कार्यक्रमको क्रियाकलाप नं २.७.२२.७० को कार्यक्रम नं (ट) मा पालिका स्तरमा प्रतिस्वास्थ्यकर्मी प्रतिदिन १४० जना जनसंख्यालाई औषधी सेवन गराउने र सोही अनुपातमा स्वास्थ्य स्वयंसेविका समेत परिचालन हुने गरी वजेट व्यवस्थापन गरिएकोमा पालिकाभित्र ५४१२७ जनसंख्यालाई औषधी सेवन गराउन ३८७ जना स्वास्थ्यकर्मी र सोही अनुपातमा महिला स्वास्थ्य स्वयंसेविका परिचालन गर्नुपर्नेमा ५०० जना स्वास्थ्यकर्मी र ५९१ जना महिला स्वयंमसेविका परिचालन गरी खर्च लेखेको पाईयो।नर्मस भन्दा वढी स्वास्थ्यकर्मी ११३ जनाको रु.७०० का दरले रु.७९१०० र स्वयंसेविका २०४ जनाको रु.६०० का दरले रु. १२२४००।०० समेत गरी कुल रु.२०१५००।०० वढी भुक्तानी भएकोले उक्त वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. |
| ४१ | | | **सडक निर्माणको ट्याककोट कार्यमा बढी भुक्तानी** भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्यचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने उल्लेख गरेको छ। यस नगरपालिका निम्न निर्माण सेवा मार्फत सम्झौता भई निर्माण कार्य गराएको पुराना सडकको प्याचिङ्ग तथा रिसिल्ङ्ग कार्यमा र नयाँ सडकको कालोपत्रे गर्ने कार्यका लागि विटुमिन तथा प्रइम कोट प्रयोग गरेको प्रति वर्ग मी क्षेत्रफलमा ०.७२ देखि०.९५२ लिटर सम्म ट्याक कोट खर्च लेखि भुक्तानी गर्ने गरेको पाइयो। सडक विभागको उपरोक्त नर्म्स अनुसार विटुमिनस तथा प्राइमकोट खपतको ४० देखि ६० प्रतिशत मात्र ट्याककोटको खर्च लाग्ने र सोही बमोजिम मात्र खर्च लेख्नु पर्ने उल्लेख भएकोले तपसिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी ट्याककोटको खर्च लेख्दा रु.४५३६१३। ( मू अ कर समेत) बढी भुक्तानी भएको निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु |

| गो भौ नं | योजनाको नाम | निर्माण सेवा /उ स को नाम | क्षेत्रफल | ट्याककोट दिएको (लिटर) | ट्याक कोट दिनु पर्ने (लिटर) (६० प्रतिशत) | ट्याक कोट वढी लिएको लिटर | ट्याककोट को दर प्रति लिटर(मुअकर समेत) | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| ४५ | भलाटाकुरा काभ्रे कालिमाटी सडक | वि एम एस निर्माण सेवा | ३४२५.१३ | ३२६०.७२ | २०६१.०७ | ११९९.६२ | १२० | १४३९५४ |
| ३७९ | भलाटाकुरा काभ्रे ढिकीचौर कालिमाटी सडक | आर एस निर्माण सेवा | १८२७ | १७३५.६५ | १०९६.२ | ६३९.४५ | १०० | ६३९४५ |
| ४६५ | ढिकीचौर पहिराबारी सडक | आर एस निर्माण सेवा एण्ड ट्रेडर्श | ९५८.४० | ६९०.०५ | ५७५.०४ | ११५ | १०० | ११५०० |
| ५०७ | ठाडोखोला बोक्से सडक स्तरोन्नति | आर एस निर्माण सेवा | १३६९.२९ | ९८५.८९ | ८२१.५७ | १६४.३१ | १०० | १६४३१ |
| २३६ | बागलुङ नगरपालिका भित्रका सडक मर्मत सुधार | सातविसे कन्स्ट्रसन | ३०१६.३७ | ३१६७.१९ | १८०९.८२ | १३५७.३६ | १२२ | १६५५९८ |
| | | | | | | | | ४०१४२८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरु</th></tr>
<tr><td>४२</td><td>५०७</td><td>२०७८-३-२८</td><td>पूर्वनिर्धारित क्षतिपुर्ति<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा परामर्शदाताको ढिलाईको कारणले खरिद संझौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई १० प्रतिशतमा नबढ्ने गरी तथा प्रतिदिन संझौता रकममा ०=०५ प्रतिशतका दरेले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने एंव नियम १२०(१) मा समयमा कार्यसंपन्न गर्न नसकिने मनासिव कारण भएमा म्याद सकिनु कम्तिमा २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनुपर्ने र उपनियम ५ मा म्याद थप सम्वन्धी निर्णय संझौता अवधिभित्रै भइसक्नुपर्ने उल्लेख छ।ठाडाखोला वोक्से सडक स्तरोन्नति कार्यको लागि आर एस निर्माण सेवासंग २०७८।१।३१ मा सम्पन्न गर्ने गरि मिति २०७७।१०।२३ मा रु ३३४८३५५.१६ ( मू.अ. कर बाहेक) मा सम्झौता भएको छ ।उक्त निर्माण कार्यको म्याद २०७८।१।३१ मा सकिएकोमा म्याद थपको कुनै कारबाहि नभएको अवस्थाम मिति २०७८।२।२२ मा कार्यसम्पन्न भएको भनि २०७८।३।२८ मा अन्तिम बिल भुक्तानी भएको देखिएकोले सम्झौता अनुसार निर्धारित समयमा कार्य सम्पन्न नभएको कारण २१ दिनको प्रतिदिन रु ३५१५७।- पूर्वनिर्धारित क्षतिपुर्ति असुल हुनुपर्ने रु</td><td></td></tr>
<tr><td>४३</td><td>३</td><td>२०७७-५-४</td><td>भेरियसनमा बढी भुक्तानी<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा नियमावलीको व्यवस्था बमोजिम प्रक्रिया पुरा गरी भेरियसन आदेश गर्न सकिने व्यवस्था छ . वाम्लुङ बसपार्क निर्माण कार्यको लागि श्री आशिश फेवा जे. भी संग रु ६७४८०३४५.३०।- को सम्झौता भएकोमा शुरु सम्झौतामा १४.८० प्रतिशत थपको भेरियसन जारी भएको छ । यसरी भेरियसन गर्दा GCC व्यवस्था अनुरुप आइटममा २५ प्रतिशत बढी र कुल सम्झौता रकममा २ प्रतिशत बढी भएमा दर परिवर्त गर्न पाउने व्यवस्था अनुरुपstone masonry work मा rate negotiation गरेको गरी प्रति घनमिटर ७००० बाट रु ८००० बढाएको छ । यसरि नयाँ रेटको भुक्तानी गर्दा शुरु परिमाणको २५ प्रतिशत थप परिमाणसम्म पुरानो दर अनुसार भुक्तानी गर्नुपर्ने र बाँकी परिमाणमा नयाँ दर रेट अनुसार भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले थप सबै परिमाणमा नयाँ दरले भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम रु १०६१२९।- असुल हुनुपर्ने रु.
<table>
<tr><th>कामको विवरण</th><th>शुरु परिमाण</th><th>शुरु परिमाणको २५ प्रतिशत थप हुने परिमाण</th><th>पुरानो दर अनुसार भुक्तानी परिमाण</th><th>बढी भुक्तानी भएको परिमाण</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>stone masonary work</td><td>३८३.१५</td><td>४७८.९३</td><td>३८५.०१</td><td>९३.९२</td><td>९३९२०</td></tr>
<tr><td colspan="5">१३ प्रतिशत मु.अ कर थप समेत</td><td>१०६१२९</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>पेश्की असुल गर्नुपर्ने<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले सम्झौतामा उल्लेखित समयावधि भित्र कार्यसम्पादन नगरेको कारणले पेश्की फछ्यौट हुन नसकेमा सार्ववनिक निकायले बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फछ्यौट गर्नुपर्ने र सयकडा दश प्रतिशतले व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ ।वाम्लुङ औद्योगिक ग्राम निर्माणको लागि २०७७।९।२९ मा कार्य सम्पन्न गर्ने गरी सातविसे कन्स्ट्रक्शन सेवासंग मिति २०७७।३।३१ मा रु ४६१५९७३.८५ ( भ्याट बाहेक ) सम्झौता भएको छ ।उक्त कार्यको लागि निर्माण व्यसायीला◌ॅइ र मिति २०७७।९।२७ मा प्रथम रनिङ्ग विल वापत रु २७८८५१७.९३ भुक्तानी भएको छ । निर्माण कार्यसम्पन्न गर्नुपर्ने अवधि समाप्त भएको लामो समय सम्म पनि म्याद थप सम्बन्धि कुनै कारबाही भएको देखिएन साथै तोकिएको समयमा कार्यसम्पन्न नभएकोमा निर्माण व्यवसायीको नाममा बाँकी रहेको रु ४६३१९४।- पेश्की फछ्यौट गर्न बाकी देखिएकाले नियमानुसार दश प्रतिशत व्याज समेत असुल गर्नुपर्ने</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>समयमा काम सम्पन्न नगरेको<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता वमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौता वमोजिम कामको प्रगती नगरेमा निजसँगको सम्झौता अन्त्य गरी विभिन्न कारवाही गर्न सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ (क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरीद संझौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न हुन नसकेमा संझौता रकमको १० प्रतिशतमा मा नबढ्नेगरी साधारणतया प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति लिनुपर्ने उल्लेख छ ।वाम्लुङ औद्योगिक ग्राम निर्माणको लागि २०७७।९।२९ मा कार्य सम्पन्न गर्ने गरी सातविसे कन्स्ट्रक्शन सेवासंग मिति २०७७।३।३१ मा रु ४६१५९७३.८५ ( भ्याट बाहेक ) सम्झौता भएको छ ।उक्त कार्यको लागि निर्माण व्यसायीला◌ॅइ र मिति २०७७।९।२७ मा प्रथम रनिङ्ग विल वापत रु २७८८५१७.९३ भुक्तानी भएको छ । उक्त निर्माण कार्यको म्याद सकिदा समेत म्याद थपकोको लागि निर्माण व्यवसायीले पालिकामा निवेदन समेत नदिएको र बाँकी कार्य सम्पन्न गर्नको लागि पहलसमेत गरेको पाइएन ।प्रथम विलमा Stone Masonary को मात्र काम भएको देखिन्छ ।यसरी निर्माण कार्य विचमा अलपत्र पर्दा स्थानिय सरकारला◌ॅइ थप व्ययभार पर्ने र निर्माण भएको कार्य पनि उपलब्धी विहिन हुन सक्ने भएकोले पालिकाले नियमानुसार सम्झौता रकमको १० प्रतिशतले हुने रु ४६१५९७।- पुर्व निर्धारित क्षतिपुर्ति लगाएर निर्माण व्यवसायीला◌ॅइ काम गर्न लगाउने अन्यथा ऐनको दफा ५९ बमोजिम निजसंगको सम्झौता अन्त्य गरी निजको कार्यसम्पादन जमानत रु १४०००००।- र निजको प्रथम रनिङ्ग विल भुक्तानी गर्दा कट्टी गरेको धरौटी समेत जफत गर्नुपर्ने देखिएको रु</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बे</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**संयुक्त उपक्रम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ को उपनियम ६ अनुसार कुनै संयुक्त उपक्रम खरिद सम्झौताको लागि छनौट भएमा सम्बन्धित सार्वजनिक निकायले त्यस्तो संयुक्त उपक्रमको संयुक्त दायित्व र संयुक्त उपक्रमका साझेदारको व्यक्तिगत दायित्वसमेत रहने गरी आन्तरिक राजस्व कार्यालयमा स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता गर्न लगाउनु पर्ने व्यवस्था छ।साथै मूल्य अभिवृद्धि कर ऐन, 2052 को दफा १०(ख) मा भएको संयुक्त उपक्रम दर्ता सम्बन्धी विशेष व्यवस्था अनुसार कुनै दुई वा सो भन्दा बढी व्यक्तिले कुनै निश्चित अवधिका लागि कर लाग्ने कारोवार गर्न संयुक्त उपक्रम (Joint Venture) खडा गरेमा त्यस्तो संयुक्त उपक्रमको रुपमा दर्ता हुने र त्यसरी दर्ता भएको उपक्रमले त्यस्तो उपक्रम खडा गर्दा गरेको संझौता तोकिएको अवधि समाप्त भएपछि दर्ता खारेज गराउनु पर्ने व्यवस्था छ। वाग्लुङ बसपार्क निर्माण कार्यको लागि आशिष फेवा जे भि संग २०७५।७।२६ मा सम्झौता भएकोमा सम्झौता भएको मिति भन्दा पहिले २०७३।३।२६ मा जे भी दर्ता भएको पाइयो।यसरी बोलपत्र स्विकृत हुनु अगाबै अन्य संझौताको लागि दर्ता भएको संयुक्त उपक्रमबाट अर्कोठेक्काको कारोबार गर्न नमिल्ने हुँदा खरिद सम्झौता कानुन अनुकुल देखिएन भने मूल्य अभिवृद्धि कर समायोजन भए/नभएको यकिन हुन सकेन। उक्त निर्माण व्यवासयीलाई निम्न अनुसार मू.अ.कर रु.२४६५९९३ ।- भुक्तानी भएको हुंदा सो रकमको मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा रु.१२३२९९६।-असुल गर्नुपर्ने रु..



<table>
<tr><th>गो.भौ नं र मिति</th><th>पान नं</th><th>विजक नं र मिति</th><th>भुक्तानी मू अ कर रकम</th><th>५०%मु.अ.कर</th></tr>
<tr><td>३-२०७७।५।४</td><td>३०५७१८७३२</td><td>००१,२०७७।५।१८</td><td>१००५६३५</td><td>५०२८१७</td></tr>
<tr><td>३०-२०७७।७।१७</td><td></td><td>००३-२०७७।७।१६</td><td>१४६०३५८</td><td>७३०१७९</td></tr>
<tr><td></td><td></td><td></td><td>२४६५९९३</td><td>१२३२९९६</td></tr>
</table>

</td><td>२</td></tr>
<tr><td>४७</td><td>८७</td><td>२०७७-९-२७</td><td>

**रितपुर्वको कर विजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। बागलुङ औद्योगिक ग्राम निर्माण कार्यको लागि निर्माण व्यवसायी सातविसे कन्स्ट्रक्शन प्रा ली ला◌ाइ रकम भुक्तानी गर्दा निजले पेश गरेको विजक नं उल्लेख नभएको पाइएकोले भुक्तानी भएको मू.अ. कर रकम रु ३१९४२९।- को कर समायोजन पेश हुनुपर्ने अन्यथा ७० प्रतिशत मू अ कर रकम असूल गर्नु पर्ने रु

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बे</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>
सम्झौता अनुरुप विमा नगराएको<br>
निर्माण व्यवसायी र कार्यालय विच निम्नानुसार कार्य गर्नको लागि सम्झौता भएकोमा सम्झौताको SCC 19.1 मा ठेक्का सम्झौताको रकम को विमा गर्नुपर्ने प्रतिशत, मेशिन, सम्पत्तीको नोक्सानी र श्रमिकको के कति विमा गर्नुपर्ने खुलाएको देखिन्छ । लेखापरीक्षणको क्रममा केहि विमाको विलको नमुना परिक्षण गर्दा सम्झौता अनुसार विमा गराएको पाइएन । कार्यालयले विमाको भुक्तानि दिँदा सम्झौता अनुसारको विमा गरे नगरेको यकिन गरी भुक्तानी दिनुपर्ने र विमाको रकम भुक्तानी भ◌ंइसकेकाको हकमा सम्झौता अनुरुप विमा गराउने तर्फ थप पहल गर्नु पर्ने देखिन्छ ।
<table>
<tr><th>योजनाको नाम</th><th>SCC मा भएको विमाको प्रावधान</th><th>पेश गरको पोलिसी अनुसार विमा गरेको अवस्था</th><th>विमा वापत भुक्तानी</th></tr>
<tr><td>वडा नं ३ आधारभूत स्वास्थ्य केन्द्र निर्माण</td><td>The minimum coverage for loss of or damage of equipment- Replaceable cost</td><td>Construction plant and equipment - 0</td><td></td></tr>
<tr><td rowspan="3">वाग्लुङ औद्योगिक ग्राम</td><td>The minimum coverage for loss of or damage to the works, plants and materials is 115% of Contract amount</td><td>सम्झौता रकम रु ५७७२९६७.३८ मा १५ प्रतिशत थप रकम बराबरको विमा गर्नुपर्नेमा सम्झौता रकम बराबरको मात्र विमा गरेको पोलिसी पेश गरेको।</td><td rowspan="3"></td></tr>
<tr><td>The minimum coverage for loss of or damage of equipment- Replaceable cost</td><td>Construction plant and equipment - 0</td></tr>
<tr><td>The minimum coverage for insurance of other property is - 1000000 with unlimited no of occurrence</td><td>other property कोinsurance नगरेको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>
बसपार्क संचालनमा नआएको<br>
बागलुङ बसपार्क निर्माण गर्नको लागि बागलुङ नगरपालिका र नगर विकास कोष विच २०७४।११।२५ रु १० करोड ४ लाख ८८ हजारको सम्झौता भएको छ । पालिकाले उक्त बसपार्क निर्माण गर्नको लागि आशिश फेवा जे भि संग २०७६।७।२६ मा सम्पन्न हुने गरी २०७५।७।२६ मा रु ७ करोड ६६ लाख ९९ हजारमा सम्झौता भएको छ । उक्त निर्कामाण कार्य निधारित समयमा सम्पन्न नभएको कारण २०७८।३।२० सम्म म्याद थप भई कार्यसम्पन्न भएको छ । उक्त वसपार्क निर्माण सम्पन्न भएतापनि बसपार्क जाने approach road नबनेको कारण हालसम्म संचालनमा आउन सकेको छैन । पालिकाले बसपार्कबाट आन्तरिक आम्दानी गर्ने र सोहि आम्दानीबाट नगर विकास कोषलाई ऋण तिर्ने गरी ब्यापारिक प्रयोजनका लागि सटर समेत बनाई सकेको छ । तर समयका बसपार्क संचालन नगर्दा पालिकाले आय समेत गुमाउनु परेको अवस्था छ । पालिको बसपार्क संचालनको लागि आवश्यक पुर्वाधार समयमा बनाई बसपार्क संचालनमा ल्याउन तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>
  
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेर |
|---|---|---|---|---|
| ५० | | | **कुंडुले छाप सडक निर्माण स्तरोन्ती तथा नाली निर्माण**<br>कुंडुले छाप सडक निर्माण स्तरोन्ती तथा नाली निर्माण योजना उपभोक्ता समिति मार्फत गराेइ रकम भुक्तानी गरेकोमा सो संग सम्बन्धित व्यहोरा निम्नानुसार रहेको छन् : | |
| ५०.१ | ४९९ | २०७८-३-२७ | **ट्रयाक कोटमा बढी भुक्तानीः** कडुले छाप सडक स्तरोन्नती तथा नाली निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तथा मुल्याङकन विल अनुसार आईटम नम्वर ९ मा टेक्निकल स्पेसिफिकेसन अनुसार सतह सफाइ सहित ननविटुमिन सतहहरुमा तोकिएको दरमा तातो विटुमिन संग ट्याक कोट म्यानुअल तरिकाले स्प्रे गर्ने कार्य १२११.५५ वर्ग मिटरको प्रति वर्ग मिटर १३४.५९ ले मुल्याङकन भएकोमा १६८२।७१*०.६० ले १००९.६२ वर्ग मिटर हुनुपर्नेमा १६८२.७१*०.७२० ले १२११.५५ वर्ग मिटर परिमाण मुल्याङकन भएकोले वढी परिमाण २०१.९३ वर्ग मिटरको रु १३४.५९ का दरले वढी मुल्याङकन भएकोले असुल गर्नुपर्ने रु | २ |
| ५०.२ | | | **उपभोक्ताको विलः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङकन, विल,भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायो वैठकवाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र नियम ११ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसके पछि सम्वन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम जनसहभागिता वाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिवाट कुंडुले छाँप सडक स्तरोन्ती तथा नाली निर्माणको योजनामा सडक स्तरोन्ति र नाली निर्माणको कार्य गराएकोमा सडक कालोपत्रे गर्ने कार्यमा कार्यसम्पन्न प्रतिवेदनमा प्राइम कोट, ट्याक कोट , प्रिमिक्स र सिलकोटको कार्यमा मुल्याङ्कन अनुसार ६७२८ के जी विटुमिनको प्रयोग भएको मुल्याङकन गरी भुक्तानी गरेकोमा उपभोक्ता समितिले पेश गरेको विलभर्पाइ परीक्षण गर्दा ४९९२ के जी मात्र विटुमिन खरिद गरेको विल पेश भएकोले मुल्याङकन अनुसार को विल पेश नभएको १७३६ के जी को रु ९०।४० का दरले उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु | १ |
| ५१ | | | **बढी परिमाण उत्खनन**<br>आर्थिक वर्ष २०७६।७७ र ०७७।७८ को लागि बागलुङ<br>नगरपालिका भएर बग्ने कालीगण्डकी नदी क्षेत्रबाट ढुङ्गा गिट्टी र बालुवाको दिगो संकलन उत्खनन कार्यको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७६ को तालिका नं ३.३ मा प्रत्येक वर्ष उत्खनन गर्ने सकिने परिमाण निर्धारण गरिएको छ।जस अन्तर्गत विभिन्न १० घाटबाट बार्षिक १०१७३७।८० घनमिटरको ७०% ले हुने ७१२१६।४६ घनमिटर उत्खननगर्न सकिनेमा पालिकाले यस आ=व =ठेक्का लगाएका ५ वटा घाटहरुमध्ये डबल्याङ बगर घाटबाट वार्षिक ३५८३।५० घनमिटरको ७०% ले हुने २५०८।४५ घनमिटर उत्खनन गर्न सकिनेमा ५५६६।१२ घनमिटरको मूल्यांकन गरि सूचना प्रकाशन गरेको तथा सोही बमोजिम कर संकलन गरेको पाइयो।पालिकाले स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको वेवास्ता गरी उत्खनन गरेको देखिन्छ।यसरी तोकिएको भन्दा बढी परिमाणमा नदीजन्य पदार्थको उत्खननबाट पालिकाको आन्तरिक आयमा केही बृद्धि भएता पनि प्राकृतिक रुपमा प्रतिकूल असर पर्ने देखियो।जसबाट हुन सक्ने भू–क्षय, जीवजन्तुमा पर्न सक्ने असर तथा समग्रमा मानव वस्तीमा पर्न सक्ने असरलाई समेत वास्ता नगरी स्वीकृत प्रतिवेदनको विपरीत नदीजन्य पदार्थको उत्खनन गर्न सिफारिस गर्ने तथा अन्य सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाई प्रतिवेदनको पालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| ५२ | | | **पदाधिकारी ब्याग खरिद**<br>गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७६ मा नगरसभाका सदस्यहरुलाई नगरसभामा झोलाको सुविधा नभएकोमा पालिकाले ७५ वटा ब्याग खरिद गरी सभामा उपस्थित सबै जनप्रतिनिधिहरुलाई वितरण गरेको पाइयो।प्रतिगोटा मू अ कर समेत रु.१३२६ का दरले जम्मा रु. ९९४५०।०० को ऐनमा नभएको सुविधा दिएकोले पालिकाले यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |
| ५३ | | | **परामर्शदाताको पूर्व निर्धारित क्षतिपूर्ति**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा<br>परामर्शदाताको ढिलाईको कारणले खरीद संझौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न हुन नसकेमा संझौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति लिनुपर्ने उल्लेख छ।त्यस्तै कार्यालय एंव परामर्शदाता बिच भएको सम्झौतामा पनि समयमा काम सम्पन्न हुन नसकेमा प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति लिने व्यवस्था छ।पालिकाले १५ शैयाको पैंयुँपाटा स्वास्थ्य चौकी अस्पतालको विस्तृत परियोजना निर्माण कार्यको लागि ए.पी. ईन्जिनियरिङ सोलुसन प्रा.लि. ललितपुरलाई मू.अ.कर वाहेक रु.१३५००००।०० भुक्तानी दिएको पाइयो।उक्त कार्य गर्नको लागि मिति २०७७।१०।१८ मा संझौता गरी २०७८।१।१८ मा संपन गर्नुपर्ने गरी संझौता भएकोमा परामर्शदाताले तोकिएको अवधिमा काम नसकी मिति २०७८।०२।१९ मा कार्य सम्पन गरि भुक्तानीको लागि निवेदन पेश गरेको छ।उल्लिखित आधारमा निज परामर्शदाताबाट ३० दिन ढिला गरि काम भएकोले संझौता बमोजिम प्रतिदिनको रु.६७५।०० का दरले हुने जम्मा रु.२०२५०।०० सम्वन्धितबाट पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने रु.. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बे |
|---|---|---|---|---|
| ५४ | | | **बढी ब्याज रकम भुक्तानी**<br>नगर बिकास कोष नयाँ बानेश्वर र नगरपालिकाबीच बागलुङ बसपार्क आयोजनाको लागि तीन पक्षीय लागत साझेदारीमा निर्माण कार्य गर्ने गरी मिति २०७४।११।२५ मा संझौता भई कार्य शुरुवात भएको छ।संझौताको बुदाँ नं २.६ मा ऋणीले ऋण संझौता गरेको मितिले ४० अर्धबार्षिक किस्तामा जम्मा २ वर्षको सहुलियत अवधि सहित २० वर्षभित्र सम्पूर्ण ऋण रकमको साँवा तथा व्याज भुक्तानी गर्नुपर्ने उक्त ऋण रकममा कोषबाट ऋण निकासा भएको मितिबाट बार्षिक ५.५% का दरले व्याज रकम गणना गर्ने व्यवस्था गरी कूल रु.१० करोड ४ लाख ८८ हजार ऋणमध्ये नगर बिकास कोषको ९०% ले हुने ऋण रु.९ करोड ४ लाख ३९ हजार रहेको छ।प्रत्येक ६ महिनाको व्याज गणना गर्ने व्यवस्था बमोजिम २०७७ माघ महिनादेखि २०७८ आषाढ सम्मको कोषले गणना गरि पठाएको साँवा रु.५११०९२२९.२४ को वार्षिक ५.५% हुने व्याज रु.१४०५५१५।०० पालिकाबाट भुक्तानी हुनुपर्नेमा रु.१५०३१६६।०० भएकोले बढी भएको व्याज रु.११२७३२।०० पालिकाले आगामी किस्तामा मिलान गरी सोको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.. | |
| ५५ | | | **नक्सापासमा घटी जरिवाना**<br>बागलुङ नगरपालिकाद्धारा प्रकाशित स्थानीय राजपत्र संख्या ११ को भवन निर्माण अनुमति सम्वन्धी कार्यविधि,२०७५ बमोजिमको नक्सापास समस्या समाधान उपसमितिले दिएको प्रतिवेदन अनुसार २०७५।१२।१३ को नगरकार्यपालिकाबाट बैठकले स्थानीय निर्वाचन पहिले वनाएका संरचनाहरुको स्वीकृत नलिएका र सडक मापदण्डको पालना समेत नगरी घर बनाएकोमा प्रति घरको रु.५०००००।०० जरिवाना लिने व्यवस्था भएकोमा नगरपालिकाले बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं २ निवासी तृष्णा श्रेष्ठ राजभण्डारीले माथि उल्लिखित बमोजिम नक्सापास नगराई ६१७०।८५ वर्ग फिटको घर बनाएकोमा निज घरधरीबाट तोकिए बमोजिमको रु.५ लाख जरिवाना लिनु पर्नेमा सो नगरि निजबाट रु.२८६५६०।०० मात्र जरिवाना लिएको पाइयो। कार्यविधिमा उल्लिखित रकम भन्दा घटी लिएको जरिवाना रु.२१३४४०।०० सम्वन्धित पदाधिकारीहरुलाई जिम्मेवार बनाई असूल गरि स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु... | |
| ५६ | | | **आन्तरिक लेखापरिक्षणवाट औंल्याईएका वेरुजु**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७७(३)मा आन्तरिक लेखापरीक्षणले औंल्याएका व्यवहोराहरु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुंदासम्म फछ्यौट नभएका व्यहोराहरु निम्नानुसार देखिएका छन। तालिकामा वेरुजूको छोटकरी व्यहोरा राखिएको छ। जसको विस्तृत व्यहोरा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश छ। पालिकाले आन्तरिक लेखापरीक्षणले औंल्याएका व्यवहोराहरु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै फर्छ्यौट गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेर |
|---|---|---|---|---|
| ५६.१ | | | **असुल गर्नुपर्ने**:आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७को ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।पालिकाले देहाय वमोजिमका कार्यक्रमहरुमा कर कट्टी नगरको , वैठकमा अनुपस्थिती व्यक्तिलाई भत्ता भुक्तानी दिएको देखिएकोले रु.८७८१५ असूल हुनुपर्ने रु. | ८( |

| गो.भौ.न.।मिति | वेरुजूको संक्षिप्त व्यहोरा | रकम रु. |
|---|---|---|
| ३७६।२०७७।१०।२ | असूल गर्नुपर्ने | २३८०० |
| | वडा वैठकमा अनुपस्थित रही भत्ता बुझेको<br>वडा नं १४- पुष्पा के.सी.- रु.२५५०<br>याम कुमारी दमै- रु.४२५०<br>सुरेन्द्र आचार्य-रु.१७००<br>नारायण प्रसाद श्रेष्ठ-रु.१७००<br>लिलाराज धामी -रु.१७००<br>प्रेम बहादुर खड्का-रु.८५० | १२७५० |
| ३७६।२०७७।१०।२ | कर कट्टी नगरी वढी भुक्तानी | ९३५० |
| ३७६।२०७७।१०।२ | वडा नं ७ मा उपस्थिती संख्या भन्दा वढी संख्यामा वैठक भत्ता बुझेको | १७०० |
| १।२०७८।३।२५ | अग्रिम कर कट्टी नगरी भुक्तानी | ५२२७ |
| ५३७।२०७८।३।२९ | अग्रिम कर कट्टी नगरी भुक्तानी | ५४३८ |
| | उठ्न वांकी आन्तरिक आय | २९००० |
| | आन्तरिक आय दाखिला नगरेको | ५५० |
| जम्मा | | ८७८१५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेर</th></tr>
<tr><td>५६.२</td><td></td><td></td><td>

**खर्चको प्रमाणः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७को ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।पालिकाले देहाय वमोजिमका कार्यक्रमहरुमा आवश्यक विल, भरपाई तथा कागजात वेगर भुक्तानी दिई खर्च लेखेको पाईयो।अतः उक्त खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.न.।मिति | विवरण | रकम |
|---|---|---|
| ४४३।२०७७।१०।२५ | सक्कली विल पेश नभएको | ४७४६० |
| ८३२।२०७८।३।१० | प्रविधि मैत्री तालिममा तालिम प्रतिवेदन संलग्न नभएको | १४७४०० |
| ९८२।२०७८।३।२७ | तालिम प्रतिवेदन संलग्न नभएको | १००००० |
| १०१५।२०७८।३।२८ | सक्कली विल पेश नभएको | २२२२९ |
| १०४९।२०७८।३।३० | कागजात संलग्न नभएको | १००००० |
| जम्मा | | ४१७०८९ |

</td><td>४</td></tr>
<tr><td>५६.३</td><td></td><td></td><td>

**मूल्य अभिवृद्धिकरमा दर्ता नभएको संग खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु. २० हजार भन्दा वढीको खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा विक्रेतासँग मात्र खरिद गर्नुपर्ने उल्लेख छ।नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले देहाय अनुसारका योजनामा वस्तु तथा सामाग्री खरिद गर्दा मूल्य अभिवृद्धिकरमा दर्ता नभएको फर्मसंग खरिद गरेको पाईयो।नियमावलीको व्यवस्था विपरीत खरिद गरिएको उक्त रकम अनियमित देखिएको रु.

| भौ.न.।मिति | विवरण | रकम |
|---|---|---|
| १५६।२०७७।११।४ | देउराली चोक मर्मत सुधार | ९६०००० |
| १४८।२०७७।१०।२८ | बडहरे खोला एडिवि मोवा | १००००० |
| २७८।२०७७।१२।२६ | अडाइथर मोटरवाटो | २००००० |
| जम्मा | | १२६०००० |

</td><td>१,</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>

**आंशिक आन्तरिक लेखापरीक्षण भएकोः**

:
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ।तर कार्यालयले आय र व्ययको पुर्ण आन्तरीक लेखापरीक्षण नगरी एकल खाता कोष प्रणाली(TSA) वाट निकासा रकमको मात्र लेखापरीक्षण गरेको पाइयो।पुर्ण रुपमा आन्तरीक लेखापरीक्षण नहुँदा आन्तरीक नियन्त्रण प्रणाली कमजोर हुने तथा जसवाट आय र व्ययको यथार्थता चित्रण समेत नहुने अवस्था रहन्छ। अतः आन्तरीक लेखापरीक्षण अनिवार्य गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्दछ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेर |
|---|---|---|---|---|

५८

**जटिल प्रकृतिको कार्य उपभोक्ता समितिवाट गराएको**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन औजार उपकरणहरुको आवश्यक नपर्ने , श्रममुलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कुंडुले छाप सडक स्तरोन्ती तथा नाली निर्माणको कार्य ३५७.३० मिटर सडक कालोपत्रे र ५२६मिटर पक्की नाली निर्माण को कार्य समेत उपभोक्ता समितिवाट गराई रु २८९००००।०० खर्च लेखेको छ । यस्तो जटिल प्राविधिक पक्ष समावेस हुने पुर्वाधार संरचना निर्माणकार्यउपभोक्ता समितिवाट गराउदा गुणस्तरीय कार्य नहुन सक्छ तसर्थ यस्तो जटिल प्राविधिक पक्ष समावेश हुने कार्य अनुभवी निर्माण व्यावसायी फर्मवाट वोलपत्रको माध्यमवाट गराउनु पर्ने देखिन्छ ।

५९

**मुल्य अभिवृद्धि कर वढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत भएको कार्यमामुल्य अभिवृद्ध कर भुक्तानी दिदा उपभोक्ताले मुल्य अभिवृद्धि कर लाग्ने सामाग्री खरिद गर्दातिरेको मुल्य अभिवृद्धि कर मात्र भुक्तानी दिनु पर्दछ । निम्नानुसारको योजनामा निम्न सामाग्री खरिदमा उपभोक्तालेखरिदमा तिरेको मुल्य अभिवृद्धि कर भन्दा वढी मुल्य अभिवृद्धि कर तिरेको देखिएकोले वढी भुक्तानी भएको मुल्य अभिवृद्धि कर अशूल गर्नुपर्ने रु

| गो भा न र मिति | योजनाको नाम | सामाग्री | विलमा तिरेको मु अ कर | भुक्तानी भएको मुल्य अभिवृद्धि कर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| ३८६।०७८।३।७ | कालीमाटी नुनथाला सडक मर्मत सुधार | सिमेन्ट | ३०३२५ | ५३८८२ | २३५५७ |
| २२३।२०७७।१२।६ | चितेपानी खाडा सल्ले सडक | सिमेन्ट | ३५४४६ | ४२४८७ | ७०४१ |
| जम्मा | | | | | ३०५९८ |

६०

**नमर्स भन्दा वढी भुक्तानी**

नेपाल सरकार भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय सडक विभागवाट वि सा२०७३ मा जारी भएको नमर्स अनुसार दक्ष तथा अदक्ष कामदारले गर्ने निर्माण कार्यको हकमा दर विश्लेषण गर्दा टुल्स एण्ड प्लान्टको दरमा कायममा सोमा प्रयोग हुने ज्यामीको रकमको ३ प्रतिशतले हुने रकम टुल्स एण्ड प्लान्टको दरमा कायम गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले उपभोक्ता समितिवाट हुने निर्माण कार्यको दर विश्लेषणमा कामदारको ज्यालाको मात्र नभई निर्माण सामाग्रीको मुल्यको समेत ३ प्रतिशत रकम समावेस गरी दर विश्लेषण गरेको पाईयो । यसरी स्वीकृत नम्स भन्दा वढी दर राखी भुक्तानी भएको रकम सम्बन्धीत उपभोक्ता समितिवाट असूल गर्नुपर्ने रु

| गो भा न। मिति | योजनाको नाम | कामको विवरण | घ.मी | भुक्तानी हुनु पर्ने दर | भुक्तानी भएको दर | फरक दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ३९०।२०७८।३।१६ | भालायवोट देदी स्वास्थ्य चौकीसम्म सडक सुधार | pcc 1:२:4 | ४८ | ९६ | ४२४ | ३२८ | १५७९२ |
| ४०४।०७८।३।२० | अल्छे साँधखोला वागवोट सडक | R/R masonary work 1:4 | ८८ | १२० | ३४७ | २२७ | १९९७६ |
| ४०४।०७८।३।२८ | अल्छे साँधखोला वागवोट सडक | pcc 1:२:4 | 16.98 | ९६ | ४२४ | ३२८ | ५५६९ |
| २२३।०७७।१२।६ | चितेपानी खाडा सल्लेफुर्का सडक | pcc 1:२:4 | ५८ | ९६ | ४२४ | ३२८ | १९०२४ |
| २९३।०७८।१।२ | मुलपानी मा वि सम्म सडक स्तरोन्ती | pcc 1:२:4 | ५६ | ९६ | ४२४ | ३२८ | १८३६८ |
| २९३।०७८।१।२ | मुलपानी मा वि सम्म सडक स्तरोन्ती | stone masonary 1:6 | ३३ | १२० | ३१७ | १९७ | ६३९८ |
| ३५७।०७८।३।७ | पैंयुपाटा देखी आयुर्वेद औषधालय सम्म | stone masonary 1:6 | १४३ | १२० | ३१७ | १९७ | २८१७१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सडक स्तरोन्नती | | | | | | | |
| | | | ३८६।०७८।३।१५ | कालीमाटी नुनथला सडक मर्मत | pcc 1:२:4 | ७४ | ९६ | ४२४ | ३२८ | २४१४१ | |
| | | | ४०७।०७८।३।२० | पंचासेटोल हुंदै गैरावारी तुल्से सम्म सडक | stone masonary 1:6 | १०९ | १२० | ३१७ | १९७ | २१४७३ | |
| | | | ४९३।०७८।३।२७ | ओख्रेनी देखी थापाथर घुम्ती सम्म सडक ढलान | जगमा ढुङ्गा सोलिङको कार्य | १९८ | ३६ | ८७ | ५१ | १००९८ | |
| | | | ४९३।०७८।३।२७ | ओख्रेनी देखी थापाथर घुम्ती सम्म सडक ढलान | pcc 1:२:4 | ४८ | ९६ | ४२८ | ३२८ | १५७४४ | |
| | | | ४९९।०७८।३।२७ | कुंडुले छाप सडक स्तरोन्नती | pcc 1:२:4 | ४८ | ९६ | ४२८ | ३२८ | ३१४८८ | |
| | | | ४९९।०७८।३।२७ | कुंडुले छाप सडक स्तरोन्नती | stone masonary 1:6 | ३० | १२० | ३१७ | १९७ | ५९१० | |
| | | | ८१।०७७।९।२७ | सुलडांडा टारी सडक स्तरोन्नती | pcc 1:२:4 | ४८ | ९६ | ४२८ | ३२८ | १३४४४ | |
| | | | १५६।०७७।११।४ | देउराली चोक मर्मत सुधार | pcc 1:२:4 | ४८ | ९६ | ४२८ | ३२८ | ८२०० | |
| | | | १५६।०७७।११।४ | देउराली चोक मर्मत सुधार | R/R masonary work 1:4 | ४२ | १२० | ३४७ | २२७ | ९५३४ | |
| | | | ४५०।०७८।३।२३ | धर्पुला आरुखर्क सडक | pcc 1:२:4 | ४८ | ९६ | ४२८ | ३२८ | १६४०० | |
| | | | ४५०।०७८।३।२३ | धर्पुला आरुखर्क सडक | b0ulder solling with levelling | ६३ | ३६ | ८७ | ५१ | ३२१३ | |
| | | | ४५२।०७८।३।२३ | समग्र वडाका सडक ग्राभेल उ.स | b0ulder solling with levelling | ७३ | ३६ | ८७ | ५१ | ३७२३ | |
| | | | ०७८।३।२३ | दवारे गौडा देखी लिस्नेको ढिक सडक निर्माण | pcc 1:२:4 | ४८ | ९६ | ४२८ | ३२८ | २४२७२ | |
| | | | ०७८।३।२३ | दवारे गौडा देखी लिस्नेको ढिक सडक निर्माण | जगमा ढुङ्गा सोलिङको कार्य | १११ | ३६ | ८७ | ५१ | ५६३१ | |
| | | | जम्मा | | | | | | | ३०६६०३ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बरु</th></tr>
<tr><td>६१</td><td>५०</td><td>२०७७-८-१५</td><td>सम्झौता वेगर भुक्तानी<br>:<br>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५७ अनुसार सार्वजनिक निकायले विल वा विजकको भुक्तानी खरिद सम्झौताको अधिनमा रही दिनुपर्ने त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविककार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । कुल लागत अनुमान रु ३८९७१२६।७२ रहेको यस योजनामा नगरपालिकाले २२८५०००।०० र उपभोक्ता समितिले रु १६१२१२६।७२ व्यहोर्ने गरी २०७४।१०।१४ मा सम्झौता भएकोमा उक्त खानेपानी योजनाको जिम्मा लिएको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,वागलुङले रु ९५७९८४८।३० को मुल्याङकन गरेकोमा उपभोक्ता समितिले फरफारकका लागि २०७६।१।१६ गतेनिवेदन पेश गरेकोमा उक्त योजनाको मुल्यांकनको सम्वन्धमा केही प्राविधक समस्या उत्पन्न भएकोले यथार्थ मुल्याङकन प्रतिवेदन पेश गर्नका लागि परापर्शदाता सिभिल स्ट्रक्चर पलानर तथा डिजाईनर ललितपुर संग सम्झौता भएकोमा उक्त परामर्शदाताले रु ७०९४७४२।३५ को कार्य भएको भनि मुल्याङकन प्रतिवेदन पेश भएको पाइयो । उक्त मुल्याङकन रकममा नगरपालिकाले ८० प्रतिशत र उपभोक्ता समितिले २० प्रतिशत व्यहोर्ने गरी कार्यपालिकाले २०७५।६।२४ गते निर्णय गरेको छ । नगरपालिकाले हालसम्म रु ५६७५७९३।०० खर्च लेखेकोमा यस आर्थिक वर्षमा गोश्वारा भौचर नम्वर ५०।०७७।८।१५ मा रु १६८७०२५।०० उपभोक्ता समितिलाई भुक्तानी दिएको छ । शुरु लागत अनुमान भन्दा वढी कार्य तथा मुल्याङकन भएको रु. ५६७५७९३।०० को लागत अनुमान संसोधन तथा स्वीकृत भएको देखिएन ।अत थप कार्यको लागत अनुमान स्वीकृत नभई उपभोक्ता समितिलाई भुक्तानी भएको देखिएकोले सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ५७ र नियमाली ,२०६४ को नियम १२३ अनुसार भएको नदेखिएकोले सम्झौता वेगर भुक्तानी भएकोले अनियमित देखिएको रु</td><td>१,१</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको :<br>सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४४ मा मितव्ययीता ,गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियजनाको मुख्य उधेश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ ।साथै सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष देहायका वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति मार्फत गराई रु. १४५०९१३।०० खर्च लेखेको छ । उपभोक्ता समितिले गर्ने कार्य लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्यरुपमा कार्यालयले नै गर्नुपर्ने कार्य उपभोक्ता सिमिति मार्फत गरेको पाईयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुनेगरी कार्य गराएको नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>गो.भा.न र मिति</th><th>योजनाका नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>४२७।०७८।३।२२</td><td>वडा कार्यालय भवन निर्माण</td><td>६७२०००</td></tr>
<tr><td>५०८।०७८।३।२८</td><td>वडा कार्यालय भवन निर्माणवडा नम्वर १४</td><td>४५५६८०</td></tr>
<tr><td>३५४।०७८।३।७</td><td>अधुरो भवन निर्माण वडा नम्वर १३</td><td>३२३२३३</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१४५०९१३</td></tr>
</table></td><td>१,</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>लगत कट्टा विवरण:<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १२ मा लगत कट्टा गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या मुल अभिलेख वाट हटाउने व्यवस्था रहेकोछ।पालिकाले लगत कट्टा सम्बन्धित विवरण उलब्ध नगराएकोले भत्ता प्राप्त नगर्नु पर्ने कति जनाले प्राप्त गरे यस सम्बन्धमा यकिन गर्न सकिएन।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>निष्क्रिय खाताको विवरण:<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५अनुसूची -७ को बुंदा न.७ मा सामाजिक सुरक्षा विषेश बचत खाता संचालन गर्न बैंक तथा वित्तीय संस्थाले यस प्रकारका बचत खाताहरु मध्ये] निष्क्रिय -Dormant_खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जीकरण बिभागलाइ दिनुपर्ने साथै अनुसूची ८ को बुंदा न.= १० मा बैंकले निष्क्रिय खातामा रहेको विवरण उल्लिखित अवधिमा सम्बन्धीत स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ । पालिकाले कार्यविधिमा उल्लेख भएको व्यवस्थाको पालना गरेको पाइएन। ३ किस्ता मध्ये एक किस्तापनि भत्ता नबुझेका, विभिन्न कारणले बढी निकासा भएको एवं भत्ता प्राप्त गर्न अयोग्य भई आर्थिक वर्षको अन्त्य सम्ममा लाभग्राहीको नाममा बैंक खातामा बाँकी रहेको सामाजिक सुरक्षा रकम सम्बन्धित बैंकहरुबाट कार्यालयले सबै वडाहरुको विवरण माग गरी बैंक खातामा रहेको मौज्दात रकम एकिन गरी अभिलम्ब संघीय संचितकोषमा दाखिला गर्नु आवश्यक देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय |
|---|---|---|---|
| ६५ | | | **सामाजिक सुरक्षातर्फः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । अत लाभग्राहीको सम्पूर्ण विवरण समयमै अध्यावधिक गर्नुपर्दछ । |
| ६६ | | | **व्यवसाय नवीकरण** पालिकाले हरेक आर्थिक वर्षमा आर्थिक ऐनद्धारा पालिकाभित्र सञ्चालनमा रहेक विभिन्न व्यवसायकोदर्ता नविकरण तथा खारेजीका सम्वन्धमा करका दरहरु निर्धारण गर्दै आएकोमा पालिकामा आ व २०७७।७८ मा ६०२ थप समेत गरी दर्ता भएका कुल ४१३० वटा व्यवसायमध्ये आ.व. २०७७।७८ मा ३५ वटा खारेजी भई बाँकी रहेका ३९९५ मध्ये १७३५ वटा मात्र पालिकामा नविकरण भई सञ्चालनमा रहेको पाइयो।नविकरण भएकावाट आ.व २०७७।७८ मा निर्धारित दरमा राजस्व संकलन भएको छ भने नविकरण गर्न वाँकी २२६० व्यवसायवाट करिव रु.६७८००००।०० राजस्व संकलन हुनेमा उक्त रकम संकलन नभएको पालिकाको सम्वन्धित राजश्व शाखाबाट प्राप्त विवरणमा उल्लेख छ।पालिकावाट प्राप्त विवरण अनुसार उदाहरणको रुपमा नविकरण नभएका निम्न २० वटा व्यवसायको नविकरण शुल्क परीक्षण गर्दा रु.१९२३५०।०० राजस्व पालिकामा संकलन नभएको देखिन्छ।पालिकाले व्यवसाय कर तिर्नुपर्ने करदाता कर तिर्न आएपछि मात्र कर लिने र वाँकी वक्यौता कर संकलन गर्न ठोस पहल गरेको देखिदैन।जसका कारण पालिकामा सम्वन्धित आर्थिक वर्षमा संकलन हुनुपर्ने राजस्व संकलन हुन सकेको छैन।पालिकाले देहायका अतिरिक्त सम्पूर्ण व्यवसायीहरुलाई समयमा नै नविकरण गर्नको लागि आवश्यक पहल गरी समयमा नै राजश्व संकलन गरी व्यवसायीहरुलाई करको दायरामा ल्याउन आवश्यक पहल गर्नुपर्दछ। |

| सि न | व्यवसायको नाम | संकलन हुनुपर्ने राजश्व रकम | कैफियत |
|---|---|---|---|
| 1. | मनिष राजभण्डारी (होटल) | १५७७५ | गत आ व को समेत बाँकी |
| 2. | फूलमाया सापकोटा | २००० | |
| 3. | दिवाकरण सापकोटा | २००० | |
| 4. | भिम बहादुर थापा | ४००० | |
| 5. | पिताम्वर पौडेल | ३५०० | |
| 6. | तिलाचन कडेल | ३६०० | |
| 7. | लिला कार्की | ३५०० | |
| 8. | चौतारी रेष्टुरेष्ट | १२५५० | गत आ व को समेत बाँकी |
| 9. | हेमराज खरेल | ३५०० | |
| 10. | राम बहादुर खत्री | २५९२५ | गत आ व को समेत बाँकी |
| 11. | थकाली होटल | ३५०० | |
| 12. | सुजित शाक्य | ४३६०० | |
| 13. | इन्द्रलाल शर्मा | ९००० | |
| 14. | आस्था खत्री | ४००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | अर्जुन चाखाल | १८४५० | गत आ व का समेत बाँकी |
| 16. | आशा जि सी | ३६०० | |
| 17. | प्रतिभा गुरुङ | ३३५० | |
| 18. | कल्पना चालिसे | १०००० | गत आ व को समेत बाँकी |
| 19. | राम बहादुर क्षेत्री | ४००० | |
| 20. | निलेश राजभण्डारी | १६५०० | गत आ व को समेत बाँकी |
| | जम्मा | १९२३५० | |

६७

**बन्जी जम्पिङबाट रकम प्राप्त नभएको**

गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०७७ को ७ संग सम्बन्धित अनूसूचीमा सम्बन्धित स्थानीय तहकोआफ्नो क्षेत्रभित्र संचालित बन्जी जम्पिङबाट व्यवसायीले स्वदेशी तथा विदेशी पर्यटकबाट लिने शुल्कको ५% ले हुने रकम पालिकामा बुझाउनु पर्ने व्यवस्था भएकोमा पालिकाको क्षेत्रभित्र संचालित कालीगण्डकी नदीमा रहेको द क्लिफ नेपाल बा.न.पा १४ को नाममा पालिकाम दर्ता भएको बन्जी जम्पिङबाट कुनै पनि रकम पालिकामा आएको पाइएन।पालिकाले उक्त व्यवसायले सम्बन्धित शिर्षकबाट प्राप्त आयका आधारमा रकम प्राप्त गर्न आवश्यक पहल गर्नुपर्ने देखियो।लेखापरीक्षणको क्रममा पालिकाको राजश्व शाखाबाट विवरण माग गर्दा समेत व्यवसायीबाट कुनै पनि विवरण पेश नभएकोले रकम एकिन गर्न सकिएन।पालिकाले सो व्यवसायको आवश्यक छानवीन गरी पालिकामा बुझाउनु पर्ने रकम यथाशिघ्र प्राप्त गर्नु पर्दछ।

६८

**फोहोरमैला व्यवस्थापन शुल्क**

नगरपालिका क्षेत्रभित्रबाट संकलित फोहोरमैला व्यवस्थापन वापत सेवाग्राहीबाट पालिकालाई निश्चित दरमा शुल्क निर्धारण गरि पालिकाले वार्षिक रु.१५ लाख २४ हजार शुल्क संकलन गरेको पाइयो।विगत आर्थिक वर्षहरुमा उक्त कार्यको लागि धौलागिरी फोहोरमैला व्यवस्थापन सहकारीसंग पालिकाले संझौता गरी फोहोरमैला व्यवस्थापन गरेकोमा चालु आ.व मा पालिकाबाटै १० जना कर्मचारीहरु राखी पालिका आफैले कार्य गरि शुल्क संकलन गरेको देखियो।उक्त सहकारीले तयार पारेको प्रतिवेदनमा शहरी क्षेत्रमा जम्मा घरधुरी एंव कूल सेवाग्राहीको संख्या करिव ४५०० रहेको भनिएकोमा पालिकाले दिएको विवरण अनुसार यस आ.व मा निम्नानुसार १९६२ सेवाग्राहीबाट कूल बार्षिक रु.१५ लाख २४ हजार शुल्क संकलन गरेको देखिन्छ।जसबाट सबै सेवाग्राहीहरुलाई कर तथा शुल्कको दायरामा ल्याएको देखिएन।पालिकाले सबै सेवाग्राहीहरुलाई कर तथा शुल्कको दायरामा ल्याउने कार्यमा ध्यान दिनुपर्दछ।

| सि न | विवरण | सेवाग्राहीको संख्या | प्रति वटाको मासिक शुल्क | जम्मा मासिक शुल्क |
|---|---|---|---|---|
| 1. | घरधुरी | १६०१ | १०० | १६०१०० |
| 2. | होटल रेष्टुरेष्ट | ८० | १५० | १२००० |
| 3. | मेडिकल | १५ | २०० | ३००० |
| 4. | मोवाइल पसल | १० | १५० | १५०० |
| 5. | किराना पसल | ३९ | १५० | ५८५० |
| 6. | पान पसल | २ | १०० | २०० |
| 7. | सुनचाँदी | ३० | १०० | ३००० |
| 8. | बैंक तथा वित्तीय संस्था | २० | १५० | ३००० |
| 9. | कवाडी | ३ | १५० | ४५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| 10. | इलेक्ट्रोनिक्स | २५ | १५० | ३७५० |
| 11. | पाउरोटी | ५ | १५० | ७५० |
| 12. | गिफ्ट सेन्टर | ५ | १०० | ५०० |
| 13. | सरकारी कार्यालय | १२ | १०० | १२०० |
| 14. | हार्डवेयर | १२ | २०० | २४०० |
| 15. | तरकारी फलफूल पसल | २५ | २०० | ५००० |
| 16. | फेन्सी | ३० | १५० | ४५०० |
| 17. | ठूलो अस्पताल | १ | १८००० | १८००० |
| 18. | विविध | ४७ | १५० | ७०५० |
| जम्मा मासिक शुल्क | | | | २३२२५० |

माथि उल्लिखित तालिका अनुसार १२ महिनामा जम्मा शुल्क रु.२७८७०००।०० संकलन हुनुपर्नेमा पालिकाले ११ महिनाको मात्रै शुल्क संकलन गरेको भनी रु.२५५४७५०।०० संकलित रकममा २५% छुट दिई खूद संकलन गर्नुपर्ने रु.१९१६०६३।०० भएकोमा उक्त रकम समेत संकलन भएको पाइएन।वडा नं १, २, ३ र ४ का जम्मा ८५१ सेवाग्राहीहरु मध्ये क्रमश २४१, ३३८, ३५४ र ९३ सेवाग्राहीबाट बाँकी रु.३९१८७५।०० शुल्क उठ्न बाँकी देखिन्छ।पालिकाले आर्थिक वर्ष समाप्त भएको ७ महिना बितिसक्दा समेत उठ्न बाँकी रकम संकलनमा पहल गरेको देखिएन।सम्वन्धित ८५१ सेवाग्राहीहरुबाट यथाशिघ्र उक्त रकम संकलन गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु..

६९

**मू अ कर असूल नभएको**

संझौताको पालना गर्नु करारीय पक्षको दायित्व हो।पालिकाले विभिन्न ५ घाटको ढुंगा, गिट्टी, बालुवा उत्खनन गर्नको लागि विभिन्न निर्माण व्यवसायीहरुसंग आय ठेक्का संझौता गरेको पाइयो।दोस्रो पक्षसंग भएको संझौताका शर्तमा निर्माण व्यवसायीहरुले कबोल अंकमा मू.अ.कर रकम समेत थप गरि बुझाउने भनी संझौता भएकोमा कुनै पनि व्यवसायीहरुबाट पालिकाले मू.अ.कर रकम संकलन गरेको पाइएन।निम्न ५ घाटको लागि मू.अ.कर वाहेक रु.६८३४०००।०० मा ठेक्का संझौता भएकोमा सोको १३% ले हुने मू.अ.कर रु.८८८४२०।०० उठ्न बाँकी रहेकोले निम्न निर्माणहरुबाट असूल गरि सम्वन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्ने रु.

| घाटको नाम | निर्माण व्यवसायीको नाम | संझौता रकम | मू अ कर रकम |
|---|---|---|---|
| ढोडनी वगर घाट | कालिका भगवति निर्माण सेवा | ११०००० | १४३००० |
| मालढुंगा घाट | ए.ए.कन्स्ट्रसन प्रा लि | ५१०००० | ६६३०० |
| नयाँ वगर घाट | बि.एम.ए निर्माण सेवा | १५९९००० | २०७८७० |
| माझीगाँउ वगर घाट | बि.एम.ए निर्माण सेवा | २०००००० | २६०००० |
| दश्ल्याङ बगर घाट | प्रतिक निर्माण सेवा | १६२५००० | २११२५० |
| | जम्मा | ६८३४००० | ८८८४२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | [illegible] |
|---|---|---|---|---|
| ७० | | | **आन्तरिक आय**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिसदस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन।यो वर्ष आन्तरिक आय वापत रु=२ करोड ९५ लाख ४६ हजार आम्दानी देखिएको छ।पालिकाले आवश्यक म+=ले=प=फा=न=हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ७१ | | | **व्यवसाय दर्ता**<br>नगरपालिकाद्धारा स्थानीय राजपत्रमा प्रकाशित आर्थिक ऐन, २०७७ को दफा ५ मा पालिका क्षेत्रभित्र व्यापार, व्यवसाय, सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय दर्ता गर्नुपर्ने तथा ऐ. ऐनको अनूसूचीमा तोकिए बमोजिम कर निर्धारण गरि असूल गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाको क्षेत्रभित्र संचालित केही बाहेक अधिकांश सहकारी संस्थाहरु पालिकामा दर्ता भई करको दायरामा आएको पाइएन।पालिकाभित्र ऋण तथा वचत एंव वहुउदेश्यीय सहकारी संस्थाहरु गरी १४८ वटा संचालनमा रहेकोमा हालसम्म पालिकामा २५ सहकारी मात्रै दर्ता भई करको दायरामा आएको पालिकबाट प्राप्त विवरणमा उल्लेख छ।पालिकाले दिएको विवरण अनुसार पालिकाको क्षेत्रभित्र संचालनमा रहेका १४८ मध्ये दर्ता नभएका १२३ मध्ये कुन कुन हुन पालिकाले एकिन गरी आफ्नो क्षेत्रभित्र संचालित सहकारीहरुलाई यथाशिघ्र दर्ता गरी नगरपालिकामा बुझाउनु पर्ने कर असूल गर्ने तर्फ पालिकाले विषेश ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरु |
|---|---|---|---|---|
| ७२ | | | अनुगमन तथा संपरीक्षण | |

अनुगमन तथा संपरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ।यो वर्षको लेखापरीक्षणको कममा रु.१८५९७२०००।०० सम्परीक्षणको लागि पेश भएकोमा रु ४७५५८८५०/- भएको छ । पेश भएको मध्ये बाँकी रु ७४८१३३३१ सम्परीक्षणको प्रक्रियामा रहेकोले सम्परीक्षणको जानकारी पछि गराइने छ।

| आ. ब. | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | संपरीक्षण | |
|---|---|---|---|---|
| | | | संपरीक्षणका प्रमाण तथा आधार | |
| २०७६।७७ | २४ | सोझै खरिद | नियमित भई आएको | ६०८३०६५ |
| २०७६।७७ | ३२ | टुक्रा विजकको आधारमा खरिद | नियमित भई आएको | १०३३५४ |
| २०७६।७७ | ४६ | लागत अनुमान बिना परामर्श सेवा खरिद गरेको | नियमित भई आएको | ४९०४४२ |
| २०७६।७७ | ४७ | अतिरिक्त सेवा सुबिधा भुक्तानी | नियमित भई आएको | ५१७९९७.६ |
| २०७६।७७ | ४८ | बिजेता प्रोत्साहन खर्च भुक्तानी | नियमित भई आएको | ४२९७४४ |
| २०७६।७७ | ५० | पारिश्रमिक कर कट्टी नगरेको | दाखिला भएको भौचर पेश | २७४९.१८ |
| २०७६।७७ | ५५ | पेश्की बेरुजू(सातविसे कन्सट्रक्सन प्रा.लि.) | पेश्की फर्छ्यौट भएको | ६२८१४७ |
| २०७६।७७ | ५५ | पेश्की बेरुजू ( रौताहा कन्सट्रक्सन प्रा.लि.) | पेश्की फर्छ्यौट भएको | ६२९०००५ |
| २०७५।७६ | २१ | क्याटलग विधिवाट खरिद गरेकोमा ब्राण्ड खुलाई खरिद गरेको | नियमित भई आएको | ४३४०००० |
| २०७५।७६ | ३२ | उपभोक्ताको अंश कट्टी नगरी भुक्तानी | नियमित भई आएको | १४६१३४ |
| २०७५।७६ | ४६ | सोझै खरिद | नियमित भई आएको | २७९९७४४ |
| २०७५।७६ | १६ | पदाधिकारीलाई दोहोरो सुविधा भुक्तानी | असुल भई आएको | ३२७५१५ |
| २०७५।७६ | १५.१० | उमेर नपुगी बालबालिकालाई भत्ता बितरण | असुल भई आएको | १६००० |
| २०७५।७६ | १५.११ | अघिल्लो आ.व. को भत्ता बितरण | असुल भई आएको | १६००० |
| २०७४।७५ | ३१ | भुक्तानि दिन बांकीको कच्चावारी बेगर भुक्तानी | नियमित भई आएको | ८९०६९७४ |
| २०७४।७५ | ३२ | प्यानमा दर्ता भएका खरिद | नियमित भई आएको | ७२२००० |
| २०७४।७५ | ३३ | गैर सरकारी संस्थावाट निर्माण कार्य | नियमित भई आएको | ६०१७० |
| २०७४।७५ | ३४ | संघसंस्थालाई पूंजिगत अनुदान | नियमित भई आएको | २४८८००० |
| २०७४।७५ | ३५ | पुजिंगतवाट चालु प्रकृतिको खर्च | नियमित भई आएको | २६७५२५५ |
| २०७४।७५ | ३९ | सवारी साधन खरिद | नियमित भई आएको | ६३००००० |
| २०७४।७५ | ४१ | अन्य कार्यालको खर्च भुक्तानी | नियमित भई आएको | १६२८२० |
| २०७४।७५ | ४३ | पूजिंगत बजेटवाट वितरणमुखि खर्च | नियमित भई आएको | ४९१५०० |
| २०७४।७५ | ४६ | जनसहभगिता कट्टी कम गरेको | नियमित भई आएको | १८२५३४ |
| २०७४।७५ | ५२ | कार्यविधि बेगर आर्थिक सहायता बितरण | नियमित भई आएको | २४२८७०० |
| २०७४।७५ | ५४ | थप कार्यमा सम्झौता बेगर भुक्तानी | नियमित भई आएको | ३१७००० |
| २०७४।७५ | ६१ | गाडी भाडा भुक्तानी | नियमित भई आएको | १४१००० |
| २०७४।७५ | ६२ | जनप्रतिनिधिलाई स्वास्थ्य उपचार खर्च | नियमित भई आएको | २५०००० |
| २०७४।७५ | ७५.२ | गत वर्षको भुक्तानी | नियमित भई आएको | २२८००० |
| २०७४।७५ | ७५.३ | लगत कट्टा नगरी सामाजिक सुरक्षा भत्ता वितरण (वडा न.९) | असुल भई भौचर पेश | १४००० |
| | | **जम्मा** | | **४७५५८८५०** |

निम्न बेरुजु दफाको हकमा सम्परीक्षणको प्रक्रियामा रहेकोले सम्परीक्षणको जानकारी पछि गराइने छ ।

| | | | | |
|---|---|---|---|---|
| २०७५।७६ | २० | भुक्तानि दिन बाँकिको कच्चावारी बेगर भुक्तानी | नियमित भई आएको | १४१०१५५५ |
| २०७४।७५ | ५ | वजेट संसोधन गरी योजना थप | नियमित भई आएको | २८९६३७७९ |
| २०७४।७५ | ४२ | प्रतिस्पर्धा बेगर खरिद | नियमित भई आएको | १८९२१६४५ |
| २०७४।७५ | ४८ | शिर्षक फरक पारी खर्च | नियमित भई आएको | १२८२६३५२ |
| | | | | ७४८१३३३१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | |
|---|---|---|---|---|
| ७३ | | | अध्यावधिक वेरुजू | |

अध्यावधिक वेरुजू

यस पालिकाको २०७७।७८ सम्मको फर्छ्यौट गर्न बाँकी वेरुजुको स्थिति देहायअनुसार रहेको छ।

| गत वर्षसम्मको बांकी वेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको वेरुजू (B) | यो वर्ष कायम वेरुजू (c) | संपरीक्षणवाट कायम वेरुजू (D) | अध्यावधिक बाँकी वेरुजू |
|---|---|---|---|---|
| २६३५६३ | ४७५५९ | २६६२६ | ० | २४२६३० |